# विशेष अदालत,काठमाडौं
## इजलास
## सदस्य माननीय न्यायाधीश श्री द्वारिकामान जोशी
## सदस्य माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्द
## सदस्य माननीय न्यायाधीश श्री नारायण प्रसाद पोखरेल
## फैसला

(इजलास नं. २)

मुद्दा नं. ०७३-CR-००३४

नि.नं.- १२

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उ.द.नं. १०२८१ मिति २०७२/०१/२२ को उजुरी निवेदनले आयोगको तर्फबाट अनुसन्धान अधिकृत चुडाराज न्यौपानेको प्रतिवेदनले नेपाल सरकार ........................................................................................ १ वादी

**विरुद्ध:-**

धनकुटा जिल्ला, लेगुवा गा.वि.स., वडा नं. ७ स्थायी वतन भई विभागीय नं. प्र.अ.अ. १११ २६५६ हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापामा कार्यरत सुर्यबहादुर मिश्रका नाति, मानबहादुर मिश्रका छोरा प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र ............................ १

झापा जिल्ला, पृथ्वीनगर गा.वि.स., वडा नं. ७ स्थायी वतन भई हाल ऐ. ऐ. वस्ने विभागीय नं. स.सु. १११३३९२ का हर्कबहादुर अधिकारीका नाति, मानवीर अधिकारीका छोरा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट राजिनामा खाली भएका तत्कालीन सहायक सूचक धनराज अधिकारी........................................................................................ १ प्रतिवादी

धनकुटा जिल्ला, मुगा गा.वि.स., वडा नं. ४ स्थायी वतन भई विभागीय नं. सु. १११२७२१ का हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,उदयपुरमा कार्यरत रजमान राईका नाति, जगत बहादुर राईका छोरा सूचक प्रकाश कुमार राई........................................................ १

मुद्दाः **सरकारी सम्पत्ति हिनामिना एवम् हानि नोक्सानी गरी गराई मासी भ्रष्टाचार गरेको ।**

..................................

विशेष अदालत ऐन, २०५९ को दफा ६ तथा मिति २०५९।५।६ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

<u>**तथ्य खण्डः**</u>

**१.उजुरी निवेदनः-**

राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत पाँचथरमा कार्यरत प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रले रिक्त दरबन्दीका कर्मचारीहरुको नाममा फर्जी कर्मचारी खडा गरी तलब, भत्ता, रासन बापतको रकम निकाली हिनामिना/भ्रष्टाचार गरेकोले कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको देशभक्त नेपालीका नामबाट परेको उजुरी निवेदन ।

**२. राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त कागजातहरुः-**

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,झापामा प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत विभागीय नम्बर प्र.अ.अ. १११ २६५६ का पुष्पराज मिश्र २०६६ पौषदेखि २०७१ आषाढसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र २०७१ श्रावण महिनादेखि २०७१ मंसीर महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यालय प्रमुखका रुपमा कार्यरत रहेको पाइयो भने निज सो कार्यालयहरुमा कार्यालय प्रमुखका रुपमा कार्यरत रहँदा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा विभागीय नम्बर स.सू. १११ ३३९२ का सहायक सूचक धनराज अधिकारी तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा विभागीय नम्बर सू १११ २७२१ का सूचक प्रकाश कुमार राईले लेखाफाँटको समेत जिम्मेवारी सम्हालेको पाइयो।राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका सहायक सूचक धनराज अधिकारी सोही कार्यालयबाट २०७२/४/२० मा राजीनामा खाली भएको र सूचक प्रकाश कुमार राई हालसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत रहेको भन्ने व्यहोराको राष्ट्रिय अनुसन्धान विभागबाट प.सं. १११।प्रः-१(ख)१,८३ मिति २०७३।४।२७ को पत्र र पत्रसाथ प्राप्त कागजातहरु ।

**३.छानविन प्रतिवेदनः-**

राष्ट्रिय अनुसन्धान विभागका सह-अनुसन्धान निर्देशक हुतराज थापाको संयोजकत्वमा ४ सदस्यीय छानविन समिति गठन गरी छानविन हुँदा प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रसमेतले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा आ.व. २०७०/०७१, २०६९/०७० र २०६७/०६८ मा रु.२२,०५,८६०।१६ र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा आ.व. २०७०/०७१ र २०७१/०७२ मा रु.१,८७,०६९।९० गरी जम्मा रु२३,९२,९३९।६६ हिनामिना गरेको भन्ने छानवीनको निष्कर्ष रहेको व्यहोरा र सो छानवीन समितिले २०७२।११।१६ मा राष्ट्रिय अनुसन्धान विभागमा पेश गरेको १८६ पृष्ठको छानविन प्रतिवेदन राष्ट्रिय अनुसन्धान विभागको प.सं. १११।प्र।१(ख)।२७, १३४२ को मिति २०७२।११।१८ को पत्रबाट प्राप्त हुन आएको ।

**४.प्रतिवेदन व्यहोराः-**

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा आ.व. २०७०।०७१, २०६९।०७० तथा २०६७।०६८ मा तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा आ.व. २०७०।०७१ र ०७१।०७२ मा तत् तत् कार्यालय रिक्त दरवन्दीका कर्मचारीहरुका नाममा फर्जी कर्मचारी खडा गरी तलब भत्ता लगायत अन्य शीर्षकमा रकम झिकी हिनामिना भएको भन्ने समेत व्यहोरा प्राप्त प्रतिवेदनबाट खुल्न आएको ।

**५. सक्कल श्रेष्ता उपलब्ध गराइदिने सम्बन्धी पत्राचारः-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प.सं. १-यज्ञ-२०७२।७३ च.नं. २०३१ मिति २०७३।१।२३ को पत्रबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा आ.व. २०६७।०६८, ०६८।०६९, ०६९।०७० र ०७०।०७१ को तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा प.सं. १-यज्ञ-२०७२।०७३ च.नं. २०३२ मिति २०७३।१।१२ पत्रबाट आ.व. २०७०।०७१ र ०७१।७२ को सक्कल श्रेष्ता उपलब्ध गराइदिन पत्राचार गरिएको ।

**६. सक्कल श्रेष्ताहरुः-**

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व. २०६९।७० को सक्कल श्रेस्ता कार्यालयमा नभेटिएको उल्लेख गर्दै माग भएका अन्य आ.व. को सक्कल श्रेस्ता च.नं. २३१ मिति २०७३/०२/१२ को पत्रमार्फत उपलब्ध गराइएको । साथै राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट आयोगबाट माग गरिएका सक्कल श्रेष्ताहरु च.नं. ४३७ मिति २०७३।२।२६ को पत्रसाथ प्राप्त हुन आएको ।

**७. फर्जी कर्मचारीको विवरणः-**

अख्तियार दुरुपयोग अनुसन्धान आगोगको प.सं. १-अनु-२०७२।७३ च.नं. १२३ मिति २०७३।४।२५ को पत्रबाट राष्ट्रिय अनुसन्धान विभागका सह निर्देशक हुतराज थापाको संयोजकत्वमा गठित छानविन समितिले २०७२।११।१६ मा सो विभागमा पेश गरेको प्रतिवेदनको विभिन्न विषयमा थप स्पष्ट गरी कागजात/विवरणहरु माग गरिएकोमा राष्ट्रिय अनुसन्धान विभागबाट १४० पृष्ठको थप कागजातसाथ राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा उदयपुरमा रिक्त दरवन्दीमा खडा गरिएका फर्जी कर्मचारीको विवरण समेत प.सं. १११।प्रः-१(ख)१,८३ मिति २०७३।४।२७ को पत्रसँग संलग्न गरी उपलब्ध हुन आएको ।

**८. हाजिरी विवरणहरुः-**

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा आ.व. २०६७।०६८, ०६९।०७०, २०७०।०७१ मा तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा आ.व. २०७०।०७१ तथा ०७१।०७२ मा तत् तत् कार्यालयमा दरबन्दी भै हाजिर भएका वा अन्य काजमा रहेका कर्मचारीहरुको विवरण

माग गरिएकोमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व. २०६७।०६८, ०६८।०६९, ०६९।०७० र ०७०।०७१ को हाजिरी विवरणहरु च.नं. ०२३ मिति २०७३।५।१ र च.नं. ०२६ मिति २०७३।५।३ को पत्रबाट तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट आ.व. २०७०।०७१ र ०७१।०७२ को हाजिरी विवरणहरु च.नं. ४५ मिति २०७३।५।३ तथा च.नं. ४७ मिति २०७३।५।१५ को पत्रबाट उपलब्ध हुन आएको ।

९. **बैंक स्टेटमेन्टः**-नेपाल बैंक लिमिटेड शाखा कार्यालय, पाँचथरलाई राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरको सो बैंकमा रहेको ख/१३९ नं. को बैंक खाताको २०६८ बैशाख, जेष्ठ, आषाढ तथा श्रावण महिनाको बैंक स्टेटमेन्ट उपलब्ध गराउन लेखी पठाएकोमा सो बैंकबाट च.नं. ३४९ मिति २०७३।५।३ को पत्रबाट उक्त विवरण उपलब्ध हुन आएको ।

१०. **रासन सम्बन्धी विवरणः-**

राष्ट्रिय अनुसन्धान विभागलाई प.सं. १।अनु।चुडा।२०७३।७४ च.नं. २४० मिति २०७३।५।६ को पत्रबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरको आ.व. २०७०।०७१ तथा ०७१।०७२ को रासन सम्वन्धी विवरण लयागत अन्य थप विवरण माग गरिएकोमा सो विभागको प.सं. १११।प्र-१(ख)२,११० मिति २०७३।०५।०७ को पत्रबाट उक्त विवरणहरु उपलब्ध हुन आएको ।

११. **पुष्पराज मिश्रको बयान कागजको व्यहोराः-**

म २०६६ पौषदेखि २०७१ आषाढसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र २०७१ श्रावण महिनादेखि २०७१ मंसीर महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत थिएँ। देखाइएका भौचर एवं पेरोलमा दरवन्दी नै नभएका कर्मचारीको नाम तलबी भरपाईमा आएको व्यहोरा, जोडजम्मा फरक परेको देखियो। कतिपय अवस्थामा लेखापाललाई विश्वास गर्दा विश्वासघात भएको हो। कर्मचारी कार्यरत नै नभएको अवस्थामा कसरी खर्च लेखियो मलाई थाहा भएन । स्थानीय भत्तालाई फिल्ड भत्तामा लगिएको पेरोलमा नाम दोहोऱ्याई तलब भत्ता खाएको विषय पनि मलाई थाहा भएन । मेरो मनसाय गलत थिएन। खाद्यान्न तथा आहार शीर्षकमा बढि खर्च देखिएको विषय पनि अन्जानवश भएको हो । निर्वाचन सेलका लागि तलब शीर्षकबाट खर्च गरिएको विषयलाई लिएर विभागले मलाई २ ग्रेड रोक्का गरेको छ । भुक्तानी आदेशहरुमा मेरो स्विकृति हस्ताक्षर रहेको छ, लेखापालले ल्याएका कागजातमा विश्वास गर्नु मेरो कमजोरी रह्यो । कार्यरत नै नभएका कर्मचारीहरुलाई रमाना दिएको सन्दर्भमा पनि नियतवश त्यस्तो कार्य आफूले नगरेको व्यहोरा अनुरोध छ । उदयपुरका दुई कर्मचारीको तलब भत्ता आफूले बुझिलिएको कुरा झुठो हो । काम गर्ने क्रममा त्रुटि भएको हुनसक्छ । मैले गलत मनसाय राखी नियतवश हिनामिना गरी खाई मासेको छैन भन्ने समेत व्यहोराको बयान कागज ।

१२. **धनराज अधिकारीको बयान कागजको व्यहोराः**-म २०६८ साल जेष्ठ महिनादेखि २०७१ पौष महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा कार्यरत थिएँ । आ.व. २०६७।६८ र ०७०।७१ मा विभागबाट पठाएको तलबी प्रतिवेदनअनुसार नै खर्च लेखिएको थियो । थप कर्मचारीको तलब गएको भए त्यो गलत भयो । तत्कालीन कार्यालय प्रमुख पुष्पराज मिश्रबाट सूत्र संचालनका लागि तलब शीर्षकमा थप रकम जम्मा गरिदिनु भन्ने आदेश भएअनुसार थप रकम झिकिएको हो । विभागीय नम्बर दोहऱ्याई वा थप गरिएको रकमहरु तत्काल कार्यालय प्रमुख र लेखापालले बाँड्ने गरेको हो । सूत्र परिचालनका लागि थप रकम झिक्दै गर्नु म माथि कुरा गरौला भनी कार्यालय प्रमुखले भनेकोले रकम झिकिएको हो । मेरो ठूलो गल्ती भयो । तत्कालीन कार्यालय प्रमुखको आदेशानुसार रकम झिकिएकोले यसमा मेरो मात्र केही गल्ती छैन । तालिम पनि नभएकोले लेखाको काम उचित रुपमा गर्न सकिएन भन्ने समेत व्यहोराको बयान कागज ।

१३. **प्रकाश कुमार राईको बयान कागजको व्यहोराः**-म मिति २०६० भदौदेखि २०६४ साल भाद्रसम्म र २०६४ मंसिरदेखि हालसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत छु । मैले लेखाफाँटको काम हेर्दै आएको छु । उदयपुर जिल्लाबाट स सु २६०२ र स. सु. १११ २८१३ विभागीय नम्बर रहेका कर्मचारीको तलब, भत्ता, राशन शीर्षकमा खर्च लेखिएको सन्दर्भमा २०७१ साल आषाढ महिनामा तत्कालीन कार्यालय प्रमुख पुष्पराज मिश्रले विभागीय नम्बर दिई निजहरु सरुवा भएका छन् खर्च लेख्नु भनी लेखिएको हो । २०७१ साल श्रावणसम्म सरुवा पत्र नआएकोले सो महिनामा खर्च लेखिएन । २०७१ भाद्रको खर्च लेख्ने समयमा कार्यालय प्रमुखले मलाई निज दुई जनाको सरुवा पत्र दिएपछि २०७१ भाद्रदेखि ऐ. कार्तिकसम्म खर्च लेखिएको हो । कार्तिक अन्तिममा विभागबाट कर्मचारीहरुको आर्थिक विवरण (तलबी प्रतिवेदन) प्राप्त हुँदा उल्लिखित दुई जना कर्मचारीहरुको नाम नआए पश्चात खर्च नलेखिएको हो । यसै समयमा निजहरुको सरुवा भयो भनी कार्यालय प्रमुखले रमाना पत्र दिए पश्चात् २०७१ मंसिरदेखि खर्च नलेखिएको हो । उल्लिखित दुई जना कर्मचारीहरुको तलब भत्ता तथा रासन खर्च कार्यालय प्रमुख पुष्पराज मिश्रले नै लगी मलाई भरपाई दिनुहुन्थ्यो । ती कर्मचारीहरुलाई मैले कहिल्यै उदयपुर राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयमा देखिन । मैले निजहरुको सरुवा पत्र र कार्यालय प्रमुखको मौखिक आदेशका आधारमा खर्च लेखेको हो । अहिले आफू तल्लो तहको कर्मचारी भएकोले कार्यालय प्रमुखको आदेश मान्दा समस्यामा परेको महसुस गरेको छु भन्ने समेत व्यहोराको बयान कागज ।

१४.**अनुसन्धानबाट देखिन आएको वस्तुस्थितिः-**

राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त छानविन प्रतिवेदन, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा उदयपुरबाट प्राप्त मिसिल, विभिन्न आ.व. को खर्च श्रेष्ता, राष्ट्रिय अनुसन्धान विभागबाट तयार गरिएको प्रारम्भिक अनुसन्धान प्रतिवेदन, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट खुलाई पठाइएका विवरण

तथा हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापामा प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत पुष्पराज मिश्र, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका तत्कालीन सहायक सूचक धनराज अधिकारी तथा हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत सूचक प्रकाशकुमार राईले गरिदिएको बयानकागजबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा देहायबमोजिमको रकम बढी भुक्तानी गरी गराई नेपाल सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना र हानीनोक्सानी गरी आफूहरुले मासी लिएको पुष्टि हुन आएको छ ।प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र तथा सहायक सूचक धनराज अधिकारीले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा नेपाल सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना र हानीनोक्सानी गरी आफूहरुले मासी लिएको पुष्टि हुन आएको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानीनोक्सानी एवं मासेको शीर्षक | हिनामिना हानीनोक्सानी एवं मासेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७०।०७१ | पाँचथर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च | २,७९,२००।- | |
| २ | २०७०।०७१ | पाँचथर | तलबी भरपाईमा जोडजम्मा फरक पारी बढी खर्च लेखेको | ६,३९,२८०।- | |
| ३ | २०७०।०७१ | पाँचथर | स्थानीय भत्ता शीर्षकमा बढी खर्च | ३०,०००।- | |
| ४ | २०७०।०७१ | पाँचथर | विभागीय नम्बर तलमाथि पारी दोहोऱ्याई तलब भत्तामा बढी खर्च लेखेको | ४०,२७८।- | |
| ५ | २०७०।०७१ | पाँचथर | छुट तलब भत्ता रासन भनी दोहोऱ्याई तलब भत्ता रासनमा बढी खर्च लेखेको | ६९,३१६।- | |
| ६ | २०७०।०७१ | पाँचथर | निर्वाचन सेलको लागि भनी तलब शीर्षकबाट दोहोरो खर्च लेखेको | ६०,९८७।- | |
| ७ | २०७०।०७१ | पाँचथर | पोशाक शीर्षकमा नक्कली कर्मचारीको नाम राखी खर्च लेखेको | १५,०००।- | |
| ८ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च लेखेको | ५,५३,०५८।- | |
| ९ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा ग्रेडमा बढी खर्च लेखेको | ७,२३०।- | |
| आ.व. २०७०।७१ मा पाँचथरको जम्मा रकम रु. | | | | १६,९४,३४९।- | |
| १० | २०६९।०७० | पाँचथर | तलब भत्ता र खाद्यान्नमा बढी खर्च लेखेको एकमुष्ठ जम्मा | ४,५५,४९८।०६ | आ.व. २०६९।७० को श्रेष्ता फेला नपरेको |
| ११ | २०६७।०६८ | पाँचथर | फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | ७१,७३५।- | |
| | पाँचथर जिल्लाको जम्मा रकम रु. | | | २२,२१,५८२।०६ | |

प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र तथा सूचक प्रकाश कुमार राईले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा नेपाल सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना र हानीनोक्सानी गरी आफूहरुले मासी लिएको पुष्टि हुन आएको विवरण देहायबमोजिम रहेको छ ।

| क्र.सं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानीनोक्सानी एवं मासेको शीर्षक | हिनामिना हानीनोक्सानी एवं मासेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७०।०७१ | उदयपुर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च | ३५,८३९।६८ | |
| २ | २०७१।०७२ | उदयपुर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च | १,५१,२३१।८२ | |
| उदयपुर जिल्लाको जम्मा रकम रु. | | | | १,८७,०७१।५० | |

१५.**आरोप दाबी :-** हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,झापामा प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत विभागीय नम्बर प्र.अ.अ. १११ २६५६ का पुष्पराज मिश्र २०६६ पौषदेखि २०७१ आषाढसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र २०७१ श्रावण महिनादेखि २०७१ मंसीर महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यालय प्रमुखका रुपमा कार्यरत रहेको पाइयो भने निज सो कार्यालयहरुमा कार्यालय प्रमुखका रुपमा कार्यरत रहँदा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा विभागीय नम्बर स.सू. १११ ३३९२ का धनराज अधिकारी तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा विभागीय नम्बर सू. १११ २७२१ का प्रकाश कुमार राईले लेखाफाँटको समेत जिम्मेवारी सम्हालेको पाइयो।राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका सहायक सूचक धनराज अधिकारी सोही कार्यालयबाट २०७२/४/२० मा राजीनामा खाली भएको र सूचक प्रकाश कुमार राई हालसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत रहेको पाइयो ।राष्ट्रिय अनुसन्धान विभागबाट प्राप्त छानविन प्रतिवेदन, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा उदयपुरबाट प्राप्त मिसिल विभिन्न आ.व. को खर्च श्रेष्ता, राष्ट्रिय अनुसन्धान विभागबाट तयार गरिएको प्रारम्भिक अनुसन्धान प्रतिवेदन, राष्ट्रिय अनुसन्धान विभाग तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट खुलाई पठाइएका विवरण तथा हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापामा प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत पुष्पराज मिश्र, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका तत्कालीन सहायक सूचक धनराज अधिकारी तथा हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत

सूचक प्रकाशकुमार राईले गरिदिएको बयानकागजबाट देहायबमोजिमको तालिकाहरुमा उल्लिखित शीर्षकहरुमा रकमहरु बढी खर्च लेखेको व्यहोरा देहायअनुसारका तथ्यगत कागज प्रमाणहरुबाट खुल्न आयो ।

(क) आ.व. २०७०।०७१ मा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट उक्त कार्यालयको दरवन्दी बाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी भुक्तानी गराएको विवरण देहाय बमोजिम पाइयोः

तालिका नं. १

| कूल निकासा तथा खर्च विवरण | | | हिनामिना, हानीनोक्सानी गरेको रकम/विवरण | | | | कै. |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं. र कूल खर्च रकम रु | भौचर नं. मिति | खर्च भएको महिना | फर्जी कर्मचारी विभागीय नं. को विवरण | रकम रु. | |
| १ | १ २०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट ५९७१९८।- | १ २०७०/०४/१८ ३ २०७०/४/१८ | २०७० श्रावण | अ.स. १११,१७९९ | तलव १८९२०।- भत्ता २१८७।- जम्मा २११०७।- | |
| | ३ २०७०/५/२ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट ४५०३५८ ।- | १८ २०७०/५/२० | २०७० भदौ | अ.स. १११,१७९९ | भत्ता २१८७।- | |
| | ४ २०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट ७३६९५०।- | १९ २०७०/६/४ २१ २०७०/६/४ | २०७० असोज | अ.स. १११,१७९९ | तलव १८९२०।- भत्ता २१८७।- जम्मा २११०७।- | |
| | ४ २०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट ७३६९५०।- | २२ २०७०/६/४ | २०७० को दशै खर्च | अ.स. १११,१७९९ | दशै खर्च १६३२०।- | |
| | ६ २०७०/७/८ | २९,३०,३१, ३२, ३३, ३४, ३५, भौ नं बाट ४४२७८६।- | २९ मिति नखुलेको ३१ २०७०/७/१२ | २०७० कार्तिक | अ.स. १११,१७९९ | तलव १८९२०।- भत्ता २१८७।- जम्मा २११०७।- | |
| | १० २०७०/८/९ | ५२, ५३, ५४, ५५, भौ नं बाट ४३७२३५।- | ५२ मिति नखुलेको ५४ मिति नखुलेको | २०७० मंसीर | अ.स. १११,१७९९ | तलव १८९२०।- भत्ता २१८७।- जम्मा २११०७।- | |
| | १२ | ५८, ५९, ६०, ६१,६२ | ५८ | २०७० पौष | अ.स. | तलव १८९२०।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/९/९ | भौ नं बाट ५१५३८७।- | २०७०/९/९<br>६०<br>२०७०/९/९ | | १११,**१७९९** | भत्ता २१८७।-<br>जम्मा २११०७ | |
| | अ.स. १११,**१७९९ को जम्मा** | | | | | १,२४,०४२।- | |
| | १<br>२०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट ५९७१९८।- | १<br>२०७०/०४/१८<br>३<br>२०७०/४/१८ | २०७०<br>श्रावण | अ.स.<br>१११,**२०८५** | तलव १७९५२।-<br>भत्ता २१८७।-<br>जम्मा २०१३९।- | |
| | ३<br>२०७०/५/२१ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट ४५०३५८ ।- | १८<br>२०७०/५/२० | २०७०<br>भदौ | अ.स.<br>१११,**२०८५** | भत्ता २१८७।- | |
| | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट ७३६९५०।- | १९<br>२०७०/६/४<br>२१<br>२०७०/६/४ | २०७०<br>असोज | अ.स.<br>१११,**२०८५** | तलव १७९५२।-<br>भत्ता २१८७।-<br>जम्मा २०१३९।- | |
| २ | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट ७३६९५०।- | २२<br>२०७०/६/४ | २०७० को दशै खर्च | अ.स.<br>१११,**२०८५** | दशै खर्च १६३२०।- | |
| | ६<br>२०७०/७/८ | २९,३०,३१, ३२, ३३, ३४, ३५, भौ नं बाट ४४२७८६।- | २९<br>मिति नखुलेको<br>३१<br>२०७०/७/१२ | २०७०<br>कार्तिक | अ.स.<br>१११,**२०८५** | तलव १७९५२।-<br>भत्ता २१८७।-<br>जम्मा २०१३९।- | |
| | १०<br>२०७०/८/९ | ५२, ५३, ५४, ५५, भौ नं बाट ४३७२३५।- | ५२<br>मिति नखुलेको<br>५४<br>मिति नखुलेको | २०७०<br>मंसीर | अ.स.<br>१११,**२०८५** | तलव १७९५२।-<br>भत्ता २१८७।-<br>जम्मा २०१३९।- | |
| | १२<br>२०७०/९/९ | ५८, ५९, ६०, ६१,६२ भौ नं बाट ५१५३८७।- | ५८<br>२०७०/९/९<br>६०<br>२०७०/९/९ | २०७० पौष | अ.स.<br>१११,**२०८५** | तलव १७९५२।-<br>भत्ता २१८७।-<br>जम्मा २०१३९।- | |
| | अ.स. १११,**२०८५ को जम्मा** | | | | | ११९२०२।- | |
| ३ | १<br>२०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट ५९७१९८।- | १<br>२०७०/०४/१८<br>३<br>२०७०/४/१८ | २०७०<br>श्रावण | अ.स.<br>१११,**२७१०** | तलव १५७६३।-<br>भत्ता २०५०।-<br>जम्मा १७८१३।- | |
| | १० | ५२, ५३, ५४, ५५, भौ | ५६ | २०७० | अ.स. | तलव १६०९३।- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०७०/८/९ | नं बाट ४३७२३५।- | मिति नखुलेको | मंसीर | १११,२७१० | भत्ता २०५०।-<br>जम्मा १८१४३।- | |
| | **अ.स. १११,२७१० को जम्मा रु.** | | | | | ३५,९५६।- | |
| | **सि नं १ , २ , ३ को कूल जम्मा रु.** | | | | | २,७९,२००।- | |

(ख) आ.व. २०७०।०७१ मा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७० श्रावणदेखि २०७१ जेष्ठसम्म तलबी भरपाईमा जोडजम्मा फरक पारी बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. २</u>

| कूल निकासा तथा खर्च विवरण | | | हिनामिना, हानीनोक्सानी गरेको रकम/विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु | भौचर नं. मिति | खर्च भएको महिना | बढी (फरक)रकम | |
| १ | १<br>२०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट<br>५९७१९८।- | १<br>२०७०/४/१८ | २०७० श्रावण | २,००,०००।- | |
| २ | ३<br>२०७०/५/२१ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट<br>४५०३५८ ।- | १३<br>२०७०/५/२० | २०७० भाद्र | ३०,०००।- | |
| ३ | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट<br>७३६९५०।- | १९<br>२०७०/६/४ | २०७० असोज | ३०,०००।- | |
| ४ | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट<br>७३६९५०।- | २२<br>२०७०/६/४ | २०७० दशै खर्च | ३०,८८०।- | |
| ५ | ६<br>२०७०/७/८ | २९,३०,३१, ३२, ३३, ३४, ३५, भौ नं बाट<br>४४२७८६।- | २९<br>मिति नखुलेको | २०७० कार्तिक | ३०,०००।- | |
| ६ | १०<br>२०७०/८/९ | ५२, ५३, ५४, ५५, भौ नं बाट<br>४३७२३५।- | ५२<br>मिति नखुलेको | २०७० मंसिर | ३०,०००।- | |
| ७ | १२<br>२०७०/९/९ | ५८, ५९, ६०, ६१,६२ भौ नं बाट<br>५१५३८७।- | ५८<br>२०७०/९/९ | २०७० पौष | १,२०,०००।- | |
| ८ | १४<br>२०७०/१०१३ | ६४, ६५,६६,६७ भौ नं बाट<br>३२०७८०।- | ६४<br>२०७०/९/९ | २०७० माघ | ४४,८००।- | |
| ९ | १६<br>२०७०/११/६ | ७०,७१,७२ भौ नं बाट<br>२९६७०७।- | ७०<br>२०७०/११/६ | २०७० फाल्गुन | ९,८००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | १७<br>२०७१/१/२ | ७३,७४,७५,७६,<br>७७,७८,७९ औ नं बाट<br>५७७९८०।- | ७१<br>२०७१/१/२ | २०७० चैत्र | ९,८००।- | |
| ११ | २०<br>२०७१/१/२२ | ८४,८५,८६, ८७,८८ भौ नं बाट<br>३३६२६७।- | ८४<br>मिति नखुलेको | २०७१ बैशाख | ५२,०००।- | |
| १२ | २१<br>२०७१/२/४ | ८९,९०,९१,९२, ९३,९४,९५ भौ नं बाट<br>३६११६७।- | ८९<br>२०७१/२/७ | २०७१ जेष्ठ | ५२,०००।- | |
| | जोडजम्मामा फरक पारेको जम्मा रु. | | | | ६,३९,२८०।- | |

(ग) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७१ जेष्ठमा स्थानीय भत्ता शीर्षकमा बढी भुक्तानी गरे गराएको रकम देहाय बमोजिम पाइयोः

<u>तालिका नं ३</u>

| कूल निकासा तथा खर्च विवरण | | हिनामिना हानीनोक्सानी गरेको रकम /विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु | भौचर नं. मिति | खर्च भएको महिना | कर्मचारी विवरण | रकम रु. | |
| २१<br>२०७१/२/४ | ८९,९०,९१,९२,<br>९३,९४,९५ भौ नं बाट<br>३६११६७।- | ९२<br>मिति नखुलेको | २०७१<br>जेष्ठ | प्र.अ.अ. १११ २६५६ | ४,०००।- | |
| | | | | ब अ स १११ २१७० | ३,५००।- | |
| | | | | अ.स. १११, ३९३३ | ३,५००।- | |
| | | | | सू १११, २१३७ | ३,०००।- | |
| | | | | सू १११, २१४१ | ३,०००।- | |
| | | | | सू १११, २३८६ | २,०००।- | |
| | | | | स.सू. १११, ३३९२ | २,०००।- | |
| | | | | स.सू. १११, ३३९३ | २,०००।- | |
| | | | | स.सू. १११, ३४८१ | २,०००।- | |
| | | | | स.सु. १११, ३५३० | २,०००।- | |
| | | | | स.सु. १११, ३८०५ | २,०००।- | |
| स्थानीय भत्ता शीर्षकमा बढी भुक्तानी जम्मा रु. | | | | | २९,०००।- | तर भौचरमा ३०००० उल्लेख भएको |

(घ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७० भाद्रमा कर्मचारीको विभागीय नम्बर तलमाथि दुई ठाउँमा उल्लेख गरी तलब भत्तामा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. ४</u>

| सि नं | कूल निकासा तथा खर्च विवरण | | हिनामिना हानीनोक्सानी गरेकोरकम /विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु. | भौचर नं. मिति | कर्मचारी विवरण | बढी रकम | |
| | ३ २०७०/५/२१ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट ४,५०,३५८ ।- | १३ २०७०/५/२० | अ स १११ ३९३३ | तलब १७,९५२।- | |
| | | | | अ स १११ ३८८५ | तलब १७,९५२।- | |
| | ३ २०७०/५/२१ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट ४५०३५८ ।- | १८ २०७०/५/२० | अ स १११ १७९९ | भत्ता २,१८७।- | |
| | | | | अ स १११ २०८५ | भत्ता २,१८७।- | |
| | विभागीय नम्बर तलमाथि पारी दुई ठाउँमा उल्लेख गरी भुक्तानी गरे गराएको जम्मा रु. | | | | ४०,२७८।- | |

(ङ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७० भाद्र र असोजमा छुट तलब भत्ता रासन भनी दोहोऱ्याई तलब भत्ता रासनमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम रहेको पाइयो ।

तालिका नं. ५

| कूल निकासा तथा खर्च विवरण | | भौचर नं. मिति | हिनामिना हानीनोक्सानी गरेको रकम /विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु | | कर्मचारी विवरण | खर्च भएको महिना | बढी रकम | |
| ५ २०७०/६/१८ | २७ भौ नं बाट ३९३१६।- | २७ २०७०/६/१८ | सू १११ २३८६ | २०७० भाद्र दशै खर्च र असोजको तलब भत्ता | ६९,३१६।- | भौ नं १३ र १८ बाट २०७० भाद्रको तलब भत्ता भौ नं १९ र २१ बाट २०७० असोजको तलब भत्ता र भौ नं २२ बाट दशै खर्च लेखी पुन खर्च लेखिएको |

(च) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७० मंसीरमा निर्वाचन सेलको लागि भनी तलब शीर्षकबाट दोहोरो भुक्तानी गरी गराई खर्च लेखेको विवरण देहाय बमोजिम पाइयोः

तालिका नं. ६

| सि.नं. | कूल निकासा तथा खर्च विवरण | | हिनामिना हानीनोक्सानीगरेको रकम /विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु | भौचर नं. मिति | कर्मचारी विवरण | खर्च भएको बढी रकम | |
| १ | ११ २०७०/८/२० | ५६, ५७भौ नं बाट ८८३३०।- | ५७ मिति नखुलेको | प्र.अ.अ. १११, २६५६ | १५,५१३।- | |
| | | | | ब.अ.स. १११, २१७० | १०,५४२।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | अ.स. १११, ३८८५ | ९,७९२।- | |
| | | | | अ.स. १११, ३९३३ | ९,७९२।- | |
| | | | | स.सु. १११, ३३९२ | ७,६७४।- | |
| | | | | स.सु. १११, ३८०५ | ७,६७४।- | |
| | निर्वाचन सेलको लिग तलब शीर्षकबाट दोहोरो भुक्तानी खर्चको जम्मा रु. | | | | ६०,९८७।- | |

(छ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट २०७० चैत्रमा पोशाक शीर्षकमा नक्कली कर्मचारीको नाम राखी बढी भुक्तानी गरी गराई खर्च लेखेको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. ७</u>

| कूल निकासा तथा खर्च विवरण | | हिनामिना हानीनोक्सानी गरेको रकम /विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु. | भौचर नं. मिति | कर्मचारी विवरण | खर्च भएको महिना | खर्च भएको बढी रकम | |
| २०<br>२०७१/१/२२ | ८४,८५,८६, ८७,८८ भौ नं बाट<br>३३६२६७।- | ८७<br>मिति उल्लेख नभएको | प्रकाश रविन | २०७० चैत्र | १५,०००।- | |

(ज) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व. २०७०/०७१ मा विभिन्न कर्मचारीहरुको नाममा खाद्यान्न तथा आहार शीर्षकमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. ८</u>

| कूल निकासा तथा खर्च विवरण | | | हिनामिना हानीनोक्सानीगरेको रकम /विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| सि.नं. | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु. | भौचर नं. मिति | खर्च भएको महिना | बढी (फरक)रकम | |
| १ | १<br>२०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट<br>५९७१९८।- | ३<br>२०७०/४/१८ | २०७० श्रावण | ५५,३३६।- | |
| २ | ३<br>२०७०/५/२१ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट<br>४५०३५८ ।- | १८<br>२०७०/५/२० | २०७० भाद्र | ५४,०२४।- | |
| ३ | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४,२५, २६, भौ नं बाट<br>७३६९५०।- | २१<br>२०७०/६/४ | २०७० असोज | ६२,२६७।- | |
| ५ | ६ | २९,३०,३१, ३२, ३३, ३४, | ३१ | २०७०कार्तिक | ७१,२६४।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २०७०/७/८ | ३५, भौ नं बाट ४४२७८६।- | २०७०/६/४ | | | |
| ६ | १० २०७०/८/९ | ५२, ५३, ५४, ५५, भौ नं बाट ४३७२३५।- | ५४ मिति नखुलेको | २०७० मंसिर | ६९,२८०।- | |
| ७ | ११ २०७०/८/२० | ५६,५७ भौ नं बाट ८३३३०।- | ५६ मिति नखुलेको | २०७० पौष | ३३,२३२।- | |
| | १२ २०७०/९/९ | ५८, ५९, ६०, ६१,६२ भौ नं बाट ५१५३८७।- | ५८ २०७०/९/९ | | | |
| ८ | १४ २०७०/१०/१३ | ६४, ६५,६६,६७ भौ नं बाट ३२०७८०।- | ६६ २०७०/१०/१३ | २०७० माघ | १४,६७१।- | |
| | १५ २०७०/१०/२८ | ६४, ६५,६६,६७ भौ नं बाट ३२०७८०।- | ६८ २०७०/१०/२८ | २०७० माघ | | |
| ९ | १६ २०७०/११/६ | ७०,७१,७२ भौ नं बाट २९६७०७।- | ७२ २०७०/११/६ | २०७०फाल्गुन | ५५७।- | |
| १० | १७ २०७१/१/२ | ७३,७४,७५,७६, ७७,७८,७९ भौ नं बाट ५७७९८०।- | भु आ नं १७ को सि नं ९ र १०को जम्माका आधारमा | २०७० चैत्र | १,९२,४२७।- | |
| | खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च | | | | ५,५३,०५८।- | |

(झ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व.२०७०/०७१ मा विभिन्न कर्मचारीहरुको ग्रेडमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. ९</u>

| सि.नं. | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु. | हिनामिना हानीनोक्सानी गरेको रकम /विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | भौचर नं. मिति | खर्च भएको महिना | बढी ग्रेड रकम रु. | |
| १ | १ २०७०/४/१८ | १, २, ३, ४, ५, ६भौ नं बाट ५९७१९८।- | १ २०७०/०४/१८ | २०७० श्रावण | ७४०।- | |
| | ३ २०७०/५/२ | १३,१४, १५, १६, १७, १८ भौ नं बाट ४५०३५८ ।- | १३ २०७०/५/२० | २०७० भदौ | १८४०।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट<br>७३६९५०।- | १९<br>२०७०/६/४<br>४ | २०७०<br>असोज | ९६०।- | |
| | ४<br>२०७०/६/४ | १९,२०,२१, २२, २३, २४, २५, २६, भौ नं बाट<br>७३६९५०।- | २२<br>२०७०/६/४ | २०७०<br>को दशै खर्च | ९६०।- | |
| | ६<br>२०७०/७/८ | २९,३०,३१, ३२, ३३, ३४, ३५, भौ नं बाट<br>४४२७८६।- | २९<br>मिति नखुलेको | २०७०<br>कार्तिक | ९६०।- | |
| | १०<br>२०७०/८/९ | ५२, ५३, ५४, ५५, भौ नं बाट<br>४३७२३५।- | ५२<br>मिति नखुलेको | २०७०<br>मंसीर | ९६०।- | |
| | १२<br>२०७०/९/९ | ५८, ५९, ६०, ६१,६२ भौ नं बाट<br>५१५३८७।- | ५८<br>२०७०/९/९ | २०७०<br>पौष | २७०।- | |
| | १४<br>२०७०/१०/१३ | ६४, ६५,६६,६७ भौ नं बाट<br>३२०७८०।- | ६४<br>२०७०/१०/१३ | २०७०<br>माघ | २७०।- | |
| | १६<br>२०७०/११/६ | ७०,७१,७२ भौ नं बाट<br>२९६७०७।- | ७०<br>२०७०/११/६ | २०७०<br>फाल्गुन | २७०।- | |
| | ग्रेडमा बढी खर्च लेखेको जम्मा | | | | ७,२३०।- | |

(ञ) राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व. २०६९।०७० मा तलब भत्ता र खाद्यान्नमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. १०</u>

| सि.नं. | खर्च शीर्षक | राष्ट्रिय अनुसनधान विभागबाट तयार पारेको तलबी भरपाई अनुसार खर्च लेख्नु पर्ने रकम | प्रमाणित आ.वि. अनुसार खर्च भएको रकम | बढी खर्च लेखेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | तलब | २५,०६,३१८।८३ | २७,२०,००० ।- | २,१३,६८१।१७ | |
| २ | अन्य भत्ता | १,५४,९५०।- | १,८०,०००।- | २५,०५०।- | |
| ३ | खाद्यान्न | ७,४१,०८६।११ | ९,५७,८५३।- | २,१६,७६६।८९ | |
| आ.व. २०६९।७० को जम्मा | | ३४,०२,३५४।९४ | ३८,५७,८५३।- | ४,५५,४९८।०६ | |

(ट) आ.व. २०६७।०६८ मा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब भत्ता तथा रासनमा बढी भुक्तानी गरे गराएको रकम देहाय बमोजिम पाइयोः

<u>तालिका नं. ११</u>

| सि. नं. | कूल निकासा तथा खर्च विवरण | | हिनामिना, हानीनोक्सानी गरेको रकम /विवरण | | | |
|---|---|---|---|---|---|---|
| | बैङ्क स्टेटमेण्ट | भौचर नं. मिति | खर्च भएको मिति | फर्जी कर्मचारी विवरण | रकम रु. | कैफियत |
| १ | ने बै लि पाँचथरको बैङ्क स्टेटमेण्ट | ७४<br>२०६८/२/१९ | २०६८ जेष्ठ | अ.स. १११, ३८६६ | १९,२७७।- | |
| | | ८०<br>२०६८/३/१० | २०६८ असार | अ.स. १११, ३८६६ | १९,४७२।- | |
| | अ.स. १११, ३८६६ को जम्मा | | | | ३८,७४९।- | |
| २ | ने बै लि पाँचथरको बैङ्क स्टेटमेण्ट | ७४<br>२०६८/२/१९ | २०६८ जेष्ठ | स.सु. १११, ३८२५ | १६,३९६।- | |
| | | ८०<br>२०६८/३/१० | २०६८ असार | स.सु. १११, ३८२५ | १६,५९०।- | |
| | फर्जी कर्मचारीहरुको नाममा तलब भत्ता तथा रासनमा बढी भुक्तानी रकमजम्मा रु. | | | | ३२,९८६।- | |

(ठ) आ.व.२०७०/०७१ मा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट दरवन्दी वाहेकका फर्जी कर्मचारी नाममा तलब भत्ता तथा रासनमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. १२</u>

| क्र.सं. | कूल निकासा तथा खर्च विवरण | | हिनामिना, हानीनोक्सानी गरेको रकम /विवरण | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु. | भौचर नं. मिति | फर्जी कर्मचारी विवरण | खर्च भएको महिना | खर्च भएको बढी रकम | |
| १ | २५<br>२०७१/३/१९ | ५६ भौ नं बाट<br>३५८३९।६८ | ५६<br>२०७१/३/१९ | सू १११<br>२६०२ | २०७१ आषाढ | १७,९१९।८४ | |
| २ | २५<br>२०७१/३/१९ | ५६ भौ नं बाट<br>३५८३९।६८ | ५६<br>२०७१/३/१९ | सू १११<br>२८१३ | २०७१ आषाढ | १७,९१९।८४ | |
| फर्जी कर्मचारीहरुको नाममा तलब भत्ता तथा रासनमा बढी भुक्तानी जम्मा रु. | | | | | | ३५,८३९।६८ | |

(ड) आ.व.२०७१/०७२ मा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरबाट दरवन्दी वाहेकका कर्मचारीका नाममा तलब, भत्ता तथा रासनमा बढी भुक्तानी गरे गराएको विवरण देहाय बमोजिम पाइयोः

<u>तालिका नं. १३</u>

| क्र.सं. | कूल निकासा तथा खर्च विवरण | हिनामिना, हानीनोक्सानी गरेको रकम /विवरण | कैफियत |
|---|---|---|---|

| | भुक्तानी आदेश नं र मिति | संलग्न भौचर नं र कूल खर्च रकम रु | भौचर नं. मिति | कर्मचारी विवरण | खर्च भएको महिना | खर्च भएको बढी रकम | |
|---|---|---|---|---|---|---|---|
| | ४<br>२०७१/५/२५ | ५,६,७,८ भौ नं बाट<br>६५४५११।३४ | ५<br>२०७१/५/२४ | सू १११<br>२६०२ | २०७१ भाद्र | १९,२४७।९७ | |
| | ४<br>२०७१/५/२५ | ५,६,७,८ भौ नं बाट<br>६५४५११।३४ | ६<br>२०७१/५/२४ | सू १११<br>२६०२ | २०७१ भाद्र | दशै खर्च<br>१४,८७०।- | |
| १ | ६<br>२०७१/६/२७ | ९,१०,११,१२,१३<br>४१८९७४।३७ | १०<br>२०७१/६/२७ | सू १११<br>२६०२ | २०७१असोज | २२,२४७।९७ | |
| | ७<br>२०७१/७/१८ | १४,१५,१६<br>३८६३५८।९५ | १४<br>२०७१/७/१८ | सू १११<br>२६०२ | २०७१कार्तक | १९,२४७।९७ | |
| | सू १११ २६०२ को जम्मा | | | | | ७५,६१३।९१ | |
| | २५<br>२०७१/३/१९ | ५६ भौ नं बाट<br>३५८३९।६८ | ५६<br>२०७१/३/१९ | सू १११<br>२८१३ | २०७१आषाढ | १७,९१९।८४ | |
| | ४<br>२०७१/५/२५ | ५,६,७,८ भौ नं बाट<br>६५४५११।३४ | ५<br>२०७१/५/२४ | सू १११<br>२८१३ | २०७१ भाद्र | १९,२४९।९७ | |
| | ४<br>२०७१/५/२५ | ५,६,७,८ भौ नं बाट<br>६५४५११।३४ | ६<br>२०७१/५/२४ | सू १११<br>२८१३ | २०७१ भाद्र | दशै खर्च<br>१४,८७०।- | |
| २ | ६<br>२०७१/६/२७ | ९,१०,११,१२,१३<br>४१८९७४।३७ | १०<br>२०७१/६/२७ | सू १११<br>२८१३ | २०७१असोज | २२,२४७।९७ | |
| | ७<br>२०७१/७/१८ | १४,१५,१६<br>३८६३५८।९५ | १४<br>२०७१/७/१८ | सू १११<br>२८१३ | २०७१कार्तिक | १९,२४९।९७ | |
| | दरवन्दी वाहेकका कर्मचारीहरुको नाममा तलब भत्ता तथा रासनमा बढी भुक्तानी जम्मा रु. | | | | | ७५,६१७।९१ | |

अतः उपर्युक्त तालिका नं १ देखि तालिका नं. १३ सम्मको विवरण एवं विश्लेषण समेतहरुबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका तत्कालीन कार्यालय प्रमुख, प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र र लेखाफाँटमा काम गर्ने तत्कालीन सहायक सूचक धनराज अधिकारीले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा समग्रमा देहाय बमोजिमको रकम बढी भुक्तानी गरी गराई नेपाल सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानीनोक्सानी गरी आफूहरुले मासी लिएको पुष्टि हुन आएको छ ।

| क्र.सं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानीनोक्सानी एवं मासेको शीर्षक | हिनामिना हानीनोक्सानी एवं मासेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७०।०७१ | पाँचथर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च | २,७९,२००।- | |
| २ | २०७०।०७१ | पाँचथर | तलबी भरपाईमा जोडजम्मा फरक पारी बढी खर्च लेखेको | ६,३९,२८०।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २०७०।०७१ | पाँचथर | स्थानीय भत्ता शीर्षकमा बढी खर्च | ३०,०००।- | |
| ४ | २०७०।०७१ | पाँचथर | विभागीय नम्बर तलमाथि पारी दोहोऱ्याई तलब भत्तामा बढी खर्च लेखेको | ४०,२७८।- | |
| ५ | २०७०।०७१ | पाँचथर | छुट तलब भत्ता रासन भनी दोहोऱ्याई तलब भत्ता रासनमा बढी खर्च लेखेको | ६९,३१६।- | |
| ६ | २०७०।०७१ | पाँचथर | निर्वाचन सेलको लागि भनी तलब शीर्षकबाट दोहोरो खर्च लेखेको | ६०,९८७।- | |
| ७ | २०७०।०७१ | पाँचथर | पोशाक शीर्षकमा नक्कली कर्मचारीको नाम राखी खर्च लेखेको | १५,०००।- | |
| ८ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च लेखेको | ५,५३,०५८।- | |
| ९ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा ग्रेडमा बढी खर्च लेखेको | ७,२३०।- | |
| आ.व. २०७०।७१ मा पाँचथरको जम्मा रकम रु. | | | | १६,९४,३४९।- | |
| १० | २०६९।०७० | पाँचथर | तलब भत्ता र खाद्यान्नमा बढी खर्च लेखेको एकमुष्ठ जम्मा | ४,५५,४९८।०६ | आ.व. २०६९।७० को श्रेष्ता फेला नपरेको |
| ११ | २०६७।०६८ | पाँचथर | फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | ७१,७३५।- | |
| | पाँचथर जिल्लाको जम्मा रकम रु. | | | २२,२१,५८२।०६ | |

यसैगरी उपर्युक्त तालिका नं १ देखि तालिका १३ सम्मको विवरण एवं विश्लेषण समेतहरुबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,उदयपुरका तत्कालीन कार्यालय प्रमुख एवं प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्र र लेखाफाँटमा काम गर्ने सूचक प्रकाश कुमार राईले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,उदयपुरमा समग्रमा देहाय बमोजिमको रकम बढी भुक्तानी गरी गराई नेपाल सरकारको सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानीनोक्सानी गरी आफूहरुले मासी लिएको पुष्टि हुन आएको छ ।

| क्र.सं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानीनोक्सानी एवं मासेको शीर्षक | हिनामिना हानीनोक्सानी एवं मासेको रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७०।०७१ | उदयपुर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | ३५,८३९।६८ | |
| २ | २०७१।०७२ | उदयपुर | दरवन्दी वाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | १,५१,२३१।८२ | |
| उदयपुर जिल्लाको जम्मा रकम रु. | | | | १,८७,०७१।५० | |

अतःमाथि प्रकरण प्रकरणहरूमा उल्लिखित तथ्यगत विवरण एवम् सबूद प्रमाण र कागजातहरु समेतबाट आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको सम्पत्तिको वदनियत गरी हिनामिना, हानीनोक्सानी गरी, आफूहरुले मासी लिई भ्रष्टाचारजन्य कसुर गरेको सप्रमाण पुष्टी हुन आएकोले देहायका राष्ट्रसेवक कर्मचारीहरुका हकमा देहायबमोजिमको सजायको मागदाबी लिइएको ।

**<u>प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रका हकमाः</u>**

साबिकमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र उदयपुरमा कार्यरत भई हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापामा कार्यरत विभागीय नम्बर प्र.अ.अ. १११ २६५६ का प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रले माथिका प्रकरणहरुमा विवेचित आधार, कारण र प्रमाणहरुबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर एवं राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरको कार्यालय प्रमुख भै आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको विगो रु.२४,०८,६५३।५६ (चौबिस लाख आठ हजार छ सय त्रिपन्न रुपैयाँ छपन्न पैसा) बराबरको सम्पत्ति बदनियत गरी हिनामिना एवम् हानीनोक्सानी गरी आफूले मासी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रले नेपाल सरकारको सम्पत्ति बदनियत गरी हिनामिना, एवम् हानीनोक्सानी गरी मासी लिएको रु.२४,०८,६५३।५६(चौवीस लाख आठ हजार छ सय त्रिपन्न रुपैयाँ छपन्न पैसा) विगो कायम गरी निज प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय(च) बमोजिम कसुरको मात्राअनुसार जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम हिनामिना एवम् हानीनोक्सानी गरी मासी लिएको रकम रु. २४,०८,६५३।५६ (चौवीस लाख आठ हजार छ सय त्रिपन्न रुपैयाँ छपन्न पैसा) निजबाट असुलउपर गरिपाऊँ ।

**<u>तत्कालीन सहायक सूचक धनराज अधिकारीका हकमा</u>**

साबिकमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा कार्यरत रहेका र मिति २०७२।४।२० मा सहायक सूचक पदबाट राजिनामा खाली भएका विभागीय नम्बर सू. १११ ३३९२ का तत्कालीन सहायक सूचक धनराज अधिकारीले माथिका प्रकरणहरुमा

विवेचित आधार, कारण र प्रमाणहरुबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरको लेखाफाँटमा सहायक सूचक पदमा रही आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको विगो रु.२२,२१,५८२।०६ (बाइस लाख एक्काइस हजार पाँच सय बयासी रुपैयाँ छ पैसा) बराबरको सम्पत्ति बदनियत गरी हिनामिना एवम् हानीनोक्सानी गरी आफूले मासी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज राष्ट्रसेवक धनराज अधिकारीले नेपाल सरकारको सम्पत्ति बदनियत गरी हिनामिना एवम् हानीनोक्सानी गरी,मासी लिएको रु.२२,२१,५८२।०६(बाइस लाख एक्काइस हजार पाँच सय बयासी रुपैयाँ छ पैसा) विगो कायम गरी निज राष्ट्रसेवक धनराज अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कसुरको मात्राअनुसार जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम हिनामिना, हानीनोक्सानी गरी मासी लिएको रकम रु.२२,२१,५८२।०६ (बाइस लाख एक्काइस हजार पाँच सय बयासी रुपैयाँ छ पैसा) निजबाट असुलउपर गरिपाऊँ ।

<u>सूचक प्रकाश कुमार राईका हकमा</u>

साबिकमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत रही हाल राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,उदयपुरमा सूचक पदमा कार्यरत विभागीय नम्बर सू. १११ २७२१ का प्रकाश कुमार राईले माथिका प्रकरणहरुमा विवेचित आधार, कारण र प्रमाणहरुबाट राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय,उदयपुरको लेखाफाँटमा सूचक पदमा रही आफ्नो ओहोदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको विगो रु.१,८७,०७१।५० (एक लाख सतासी हजार एकहत्तर रुपैयाँ पचास पैसा) बराबरको सम्पत्ति बदनियत गरी हिनामिना एवम् हानीनोक्सानी गरी आफूले मासी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकाले निज राष्ट्रसेवक प्रकाश कुमार राईले नेपाल सरकारको सम्पत्तिको बदनियत गरी हिनामिना एवम् हानीनोक्सानी गरी मासी लिएको रु.१,८७,०७१।५० (एक लाख सतासी हजार एकहत्तर रुपैयाँ पचास पैसा) विगो कायम गरी निज राष्ट्रसेवक प्रकाश कुमार राईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)र दफा ३ को उपदफा (१) को देहाय(घ) बमोजिम कसुरको मात्राअनुसार जरिवाना र कैद सजाय हुन र भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा

१७ बमोजिम हिनामिना एवम् हानीनोक्सानी गरी मासेको विगो रु. १,८७,०७१।५० (एक लाख सतासी हजार एकहत्तर रुपैयाँ पचास पैसा) निजबाट असुलउपर गरिपाऊँ ।

**१६. प्रतिवादी पुष्पराज मिश्रले यस अदालतसमक्ष गरेको बयानः-**

मैले २०५४ साल फागुन महिनादेखि राष्ट्रिय अनुसन्धान विभागमा निरीक्षक पदमा नियुक्ति भई ओखलढुङ्गा, पाँचथर, उदयपुर लगायतका विभिन्न जिल्ला हुँदै २०७१ सालमा धरान हुँदै झापा जिल्लामा सरुवा तथा बढुवा भई प्रमुख अनुसन्धान अधिकृत पदमा कामकाज गर्दै आएको छु। जिल्ला भरिको शान्ति सुरक्षा कायम गर्नका लागि विभिन्न क्षेत्रसँग सम्बन्धित विषयमा गोप्य सूचनाहरु संकलन तथा विश्लेषण गरी सम्बन्धित निकायमा जाहेर गर्ने र पठाउने, कर्मचारीहरुको खटनपटन, व्यवस्थापन लगायतका कार्य गर्न निर्देशन भएबमोजिम आफ्नो पदीय जिम्मेवारी पूरा गरेको हुँ। म पाँचथर जिल्लामा प्रमुख अनुसन्धान अधिकृत भई गएपछि कुनैपनि फर्जि कर्मचारी खडा गरी उनीहरुको नामको कुनै रकम नखाएको तथा गोप्य कार्यहरु गर्नुपर्ने हुँदा र विभिन्न सूत्रहरुलाई नै उक्त रकमहरु उपलब्ध गराइएको हो। तर मैले सो रकम खाए मासेको तथा हानि नोक्सानी पुऱ्याउने नियत नभएको र कुनै फर्जि कर्मचारी खडा गरी रकम निकाली हानी नोक्सानी गरेको छैन। अनुसन्धानको क्रममा गोप्य सूत्रहरुलाई रकम निकासा गर्ने प्रचलन तथा नियमावलीमा नै व्यवस्था भएकोले त्यस्तो गोप्य सूत्रलाई रकम उपलब्ध गराइएको हो। खर्चका सम्बन्धमा महालेखा परीक्षकबाट म.ले.प. भइसकेको छ। आर्थिक विवरण अद्यावधिक राख्ने कार्य लेखापालको हो। तत्कालीन सहायक सूचक धनराज अधिकारीलाई मैले कुनैपनि रकम निकाल्न निर्देशन दिएको छैन। निजले मलाई लगाएको आरोप झुठ्ठा हो। दुईजना गोप्य सूत्रका सूचकका रुपमा कार्य गर्ने व्यक्ति भएकोले निजहरुलाई गोप्य रुपबाट रकम उपलब्ध गराई भरपाई गराउन लेखापाल प्रकाश कुमार राईलाई निर्देशन दिएको हो। सो रेकर्ड पनि गोप्य नै राख्नुपर्ने हुन्छ। तर मैले आफ्नो नामबाट निकाली खाई मासेको होइन। सम्बन्धित व्यक्तिलाई नै उपलब्ध गराएको हो। राष्ट्रिय अनुसन्धान कार्यालय विशेष प्रकृतिको कार्यालय भएकोले कतिपय सूचनाहरु गोप्य रुपमा प्राप्त तथा संकलन गर्नुपर्ने हुँदा र सो समय संविधान सभाको निर्वाचनको समय भएको हुँदा र विभिन्न विषयमा सूचना संकलन गर्न सूचकहरु तथा सूत्रहरु खटाउनु पर्ने हुँदा त्यस्ता सूत्रहरुलाई पारिश्रमिक बापत रकम उपलब्ध गराउन पर्ने साथै सोही अनुरुप सूचनाहरु जाहेर गरी कार्य गर्नुपर्ने हुन्छ। मैले निर्देशन अनुसार नियमपूर्वक काम गरेको छु। मैले कसैको रासन तथा तलबभत्ताको रकम लिई मासी बदनियत गरेको छैन। उदयपुरको हकमा मैले रकम बुझेर सूत्रहरुलाई पारिश्रमिक बापत

रकम उपलब्ध गराई निजबाट भरपाई लिई सो भरपाई अद्यावधिक राख्न लेखापाललाई दिने गरेको हो। पाँचथर जिल्लामा रही कामकाज गर्दा महालेखाबाट उठेका बेरुजुका सम्बन्धमा बेरुजु असुल तथा फछ्र्यौट गरिसकेको हुँदा मैले कहिँकतै कुनै रकम लोभलालच गरी हिनामिना तथा हानी नोक्सानी गरेको छैन। मलाई लगाइएको आरोप झुठ्ठा हो। उक्त आरोपबाट सफाई पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी पुष्पराज मिश्रले मिति २०७३।७।२४ मा यस अदालतसमक्ष गरेको बयान।

**१७. थुनछेक आदेशः-**

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी प्रतिवादी पुष्पराज मिश्रबाट रु.३,००,०००।- धरौटी लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने समेत यस अदालतको मिति २०७३।७।२४ को आदेशानुसार निज प्रतिवादीले सोही मितिमा र.नं. १६३ बाट रु.३,००,०००।- नगद धरौट दाखिला गरी मुद्दा पुर्पक्षको लागि तारेखमा रहेका।

**१८. प्रतिवादी प्रकाश कुमार राईले यस अदालतसमक्ष गरेको बयानः-**

मैले २०५४ सालमा काठमाडौंमा राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गत पहरेदार पदमा नियुक्ति भई २०५४ साल चैत्र देखि तेह्रथुम लगायतका जिल्लामा कामकाज गर्दै २०६६ साल पुष महिनामा सूचक पदमा बढुवा भई उदयपुर जिल्लामा दरबन्दी कायम भई हालसम्म सोही जिल्लामा कार्यरत रहेको छु। सूचना संकलन गर्ने र प्रमुखलाई जानकारी गराउने मेरो पदीय जिम्मेवारी हो। मैले सो बाहेक २०६५ सालदेखि उदयपुरमा लेखा शाखाको काम गर्थे। मैले कार्यालय प्रमुखले निर्देशन दिए अनुसार सरुवा भै आएका दुईजना नयाँ कर्मचारीहरु सूचकका लागि भनी २०७१ अषाढ, श्रावण, भाद्र, असोज, कार्तिक महिनाको तलब, रासन भत्ता र दशैं खर्च लेखी सो रकम कार्यालय प्रमुखलाई दिई निज कार्यालय प्रमुखले सो बुझेको भरपाई गराई मलाई दिएपछि मैले श्रेस्तामा राखेको हो। मैले हुँदै नभएको व्यक्तिहरुको नाममा खर्च लेखी उक्त रकम निकाली हिनामिना गरेको होइन। मलाई आरोपदावीबमोजिम सजाय हुनुपर्ने होइन। आरोपदावीबाट सफाई पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी प्रकाश कुमार राईले मिति २०७३।०८।०५ मा यस अदालतसमक्ष गरेको बयान।

**१९.थुनछेक आदेशः-**

पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(घ) बमोजिम निज प्रतिवादी प्रकाश कुमार राईबाट रु.१२,०००।- धरौटी लिई मुद्दा पुर्पक्ष गर्नु भन्ने समेत यस अदालतबाट मिति २०७३।०८।।०५ मा भएका आदेशानुसार निज प्रतिवादीले सोही

मितिमा र.नं. १६९ बाट रु.१२,०००।- नगदै धरौटी दाखिला गरी पुर्पक्षको लागि तारेखमा रहेका।

**२०.म्याद गुजारेकोः-**

यस अदालतबाट जारी भएको प्रतिवादी धनराज अधिकारीका नाउँको समाह्वान म्याद मिति २०७३।१२।४ मा निजको घरदैलोमा टाँस/तामेल भएकोमा निज प्रतिवादी शुरु म्यादै गुजारी यस अदालतमा हाजिर हुन नआई बसेको देखियो।

**२१.साक्षी बकपत्रः-**

- प्रतिवादी पुष्पराज मिश्रको आचरण व्यवहार राम्रो थियो। वहाँलाई मैले २०६० साल देखि नै चिन्दछु। वहाँले आरोपदावी बमोजिम सजाय पाउनुपर्ने होइन भन्ने समेत व्यहोराको निजका साक्षी रामप्रसाद रिजालले गरेको बकपत्र।
- प्रतिवादी प्रकाशकुमार राई असल आचरणका व्यक्ति हुन्। निजले कार्यालय प्रमुखको निर्देशन अनुसार काम गर्ने हो। लेखाबाट गल्ति गरे जस्तो लाग्दैन भन्ने समेत व्यहोराको निजका साक्षी राजकुमार कार्कीले गरेको बकपत्र।
- मिति २०७२।११।१६ को प्रतिवेदनको व्यहोरा ठिक हो। प्रतिवादी पुष्पराज मिश्र कार्यालय प्रमुख रहँदा देखा परेका आर्थिक अनियमितता तथा मस्यौटलाई प्रतिवेदनमा उल्लेख गरेका छौं भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी हुतराज थापाले गरेको बकपत्र।
- मिति २०७२।११।१६ को प्रतिवेदनको व्यहोरा ठिक हो। अनियमितता भएको सम्बन्धमा प्रतिवेदन उल्लेख गरेका छौं भन्ने समेत व्यहोराको वादी पक्षका साक्षी दिनेश पौडेल, पुष्पनारायण दाहाल र बालगोपाल श्रेष्ठले गरेको बकपत्र।

## ठहर-खण्डः

२२.नियमानुसार दैनिक पेशी सूचीमा समावेश भई निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिलको कार्यालय, काठमाण्डौका विदुषी उपन्यायाधिवक्ता र प्रतिवादीहरुको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुसमेतले गर्नुभएको बहस बुँदाहरु देहायबमोजिम रहेका छनः –

| | |
|---|---|
| वादी नेपाल सरकारको तर्फबाट उपस्थित विदुषी उपन्यायाधिवक्ता श्री मोना सिंह । | प्रतिवादी पुष्पराज मिश्रको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा तथा श्री बालकृष्ण न्यौपाने र विदुषी अधिवक्ता श्री |

| | |
|---|---|
| | मञ्जुल गौतम, विद्वान् अधिवक्तात्रय श्री पदमप्रसाद काफ्ले, श्री उज्वल घिमिरे तथा श्री हरिहर सिलवाल । |
| • प्रतिवादीहरुमध्ये पुष्पराज मिश्र प्रमुख अनुसन्धान अधिकृत, धनराज अधिकारी तत्कालीन सहायक सूचक र प्रकाश कुमार राई सूचक पदमा रही कार्यरत राष्ट्रसेवक भएकोमा विवाद छैन ।<br>• निज प्रतिवादीहरु कार्यरत रहेका साबिक राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र उदयपुरमा समेत गरी सरकारी विगो रु. २४,०८,६५३।५६ हिनामिना एवम् हानि–नोक्सानी भएको तथ्य विभिन्न छानविन प्रतिवेदनबाट पुष्टि भएको छ ।<br>• प्रतिवादीहरुले परस्परमा मिलेमतो गरी सरकारी सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानि– नोक्सानी गरी आफूहरुले मासी लिएको तथ्य मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि भएको छ ।<br>• यी प्रतिवादीहरुले आर्थिक नियम कानून प्रतिकूल दरबन्दीमै नरहेका कर्मचारीका नाममा तलव भत्ता, ग्रेड, पोशाक भत्तामा खर्च गरेको, तलवी भरपाईमा जोड जम्मा फरक पारी बढी खर्च गरेको, एउटै कर्मचारीलाई २ ठाउँमा उल्लेख गरी तलव भत्ता भुक्तानी, निर्वाचन सेलका लागि तलब शीर्षकबाट दोहोरो भुक्तानी, खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च गरेको र स्वीकृत बेगर फर्जी कर्मचारीको नाममा तलव भत्ता दिने कार्यसमेत गरेको तथ्य प्रमाणबाट पुष्टि हुन्छ। | • सर्वप्रथम दोहोरो खतराको सिद्धान्तले विभागीय कारवाही भई सजायसमेत पाइसकेका राष्ट्रसेवक उपर पुनः प्रस्तुत मुद्दा दायर गर्न मिल्दैन ।<br>• लेखा परीक्षण प्रतिवेदनमा अनियमितता नदेखिएको स्थितिमा भ्रष्टाचार मुद्दा चलाउन मिल्दैन ।<br>• प्रतिवादीहरुले बेरुजु भनिएका रकम जम्मा गरिसकेको अवस्था छ ।<br>• प्रतिवादीहरु कार्यरत कार्यालय गोप्य एवम् संवेदनशील प्रकृतिको हुँदा सबै काम कारवाही प्रकाश पार्न सकिन्न ।<br>• छानबिन प्रतिवेदनको आधारमा भ्रष्टाचार मुद्दा चलाउन मिल्दैन ।<br>• प्रतिवादीले अदालतमा इन्कारी बयान गरेका छन् ।<br>• कार्यालय प्रमुखले भैपरी आउने खर्चको १०% प्रतिशत रकम सूत्र व्यवस्थापनमा खर्च गर्न पाउने हुँदा त्यस्तो खर्चलाई हानि– नोक्सानी भन्नु अनुचित छ ।<br>• निर्वाचन कार्यक्रम सफल भए पश्चात् निर्वाचन सेलबापत भत्ता दिएको रकमलाई गैरकानूनी वा दोहोरो भुक्तानी गरेको भन्नु न्यायोचित हुन सक्दैन ।<br>• सूचक/सहायक सूचक समेतलाई बुझेको देखिँदैन ।<br>• प्रतिवादीले सरकारी रकम मासेर खाने बदनियतपूर्ण कार्य गरेको छैन । |

| | |
|---|---|
| • प्रतिवादीहरुको मौकाको बयानबाट पनि आरोपित कसुर स्थापित हुन्छ ।<br>• प्रतिवादीहरुले केही रकम राजश्वमा दाखिल गर्दैमा फौजदारी दायित्वबाट उन्मुक्ति पाउन सक्दैन ।<br>• विभागीय कारवाही र अदालती कारवाही अलग अलग विषय हुँदा प्रस्तुत मुद्दामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुन सक्दैन ।<br>• लेखा परीक्षण भई प्रतिवेदन पेश भएकै कारणले मात्र भ्रष्टाचार मुद्दा चलाउन नमिल्ने भन्न मिल्दैन ।<br>• प्रतिवादीहरुले आरोपित कसुर गरेको होइन र आफूहरु निर्दोष रहेको भन्ने कुरा पुष्टि गर्नका लागि वस्तुनिष्ठ प्रमाणहरु प्रस्तुत गर्न सकेको पनि देखिँदैन ।<br>• अतः प्रतिवादीहरुले आरोप–दाबीअनुरुपको कसुर गरेको पुष्टि भएको हुँदा निज प्रतिवादीहरुलाई हदैसम्म सजाय गरी अभियोग मागबमोजिम निजहरुबाट बिगोसमेत असुल उपर हुनुपर्छ । | • अभियोजन पक्षले प्रतिवादीको यो यस्तो क्रिया गैरकानूनी भएको भनी प्रष्ट र पर्याप्त प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन।<br>• फौजदारी कानूनको सामान्य सिद्धान्तले शंका र अनुमानको आधारमा कसैलाई कसुरदार ठहराउन मिल्दैन ।<br>• अतः प्रतिवादीले आरोप-दाबीबाट सफाई पाउनुपर्छ ।<br><br>प्रतिवादी प्रकाशकुमार राईको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य तथा विद्वान् अधिवक्तात्रय श्री ज्ञानरत्न शाक्य, श्री राजु शाक्य एवम् श्री सुवाश विश्वकर्मा ।<br><br>• प्रतिवादी प्रकाशकुमार राई सूचक पदमा कार्यरत रहे पनि निजलाई लेखासम्बन्धी कामको जिम्मा दिएकोमा विवाद छैन ।<br>• निज प्रतिवादी लेखासम्बन्धी तालीम प्राप्त अनुभवी होइनन् ।<br>• कार्यालयको प्रकृतिअनुरुप 'Chain of Command' को आधारमा प्रतिवादीले काम गर्नुपर्ने अवस्था रहेको छ ।<br>• कार्यालय प्रमुखले प्रतिवादीसँग २ जना कर्मचारीको तलव भत्ता बुझीलिई भरपाई दिएको यथार्थता प्रतिवादी पुष्पराज मिश्रले अदालतमा गरेको बयानबाट पनि परिपुष्टि भएको छ ।<br>• छानविन प्रतिवेदनको व्यहोराबाट पनि प्रतिवादी निर्दोष छन् ।<br>• यी प्रतिवादीको सरकारी सम्पत्ति |

| | |
|---|---|
| | हिनामिना गर्ने बदनियत एवम् आपराधिक मनसाय रहेको देखिँदैन ।<br>• अभियोजन पक्षले यी प्रतिवादीले आरोपित कसुर गरेको पुष्टि हुने प्रष्ट र पर्याप्त प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन ।<br>• यस स्थितिमा फौजदारी कानूनको सामान्य सिद्धान्तले आशंका र अनुमानको आधारमा कसैलाई पनि कसुरदार ठहराउन नमिल्ने हुँदा प्रतिवादीले आरोप–दाबीबाट सफाई पाउनुपर्छ। |

२३.उपर्युक्त बहस सुनी आरोप–पत्रसहितको मिसिल अध्ययन गरी हेर्दा, माथि तथ्य-खण्डमा उल्लिखित व्यहोराको आरोप–दाबी र प्रतिवादीहरुको बयानसमेत रहेको देखिन्छ । यसमा आरोप–दाबी, प्रतिवादीहरुको प्रतिवाद जिकिर, मिसिल संलग्न प्रतिवेदन एवम् प्रमाण र बहस बुँदासमेतलाई मध्यनजर गरी हेर्दा मूलतः देहायका प्रश्नहरुको निरुपण गर्नुपर्ने देखियो ।

| | |
|---|---|
| पहिलो प्रश्न | **प्रस्तुत मुद्दामा दोहोरो खतराको सिद्धान्त** ( **principle of double Jeopardy** ) **आकर्षित हुने अवस्थाको विद्यमानता छ कि छैन ?** |
| दोश्रो प्रश्न | **लेखा परीक्षण प्रतिवेदनबाट फरफारक भइसकेको विषयमा भ्रष्टाचार मुद्दा चलाउन मिल्छ कि मिल्दैन ?** |
| तेश्रो प्रश्न | **प्रतिवादीहरुले आरोप –दाबीअनुरुपको कसुर गरेका हुन् वा होइनन् ? र प्रतिवादीहरुले बेरुजु बापतको रकम सम्बद्ध बैंकमा जम्मा गरेको स्थितिमा उक्त रकम विगोमा कायम गर्न मिल्ने हो, होइन ?** |
| चौथो प्रश्न | **यदि आरोप–दाबीअनुरुपको कसुर गरेका हुन् भने निज प्रतिवादीहरुलाई के कति सजाय हुनुपर्ने हो ?** |

२४.<u>पहिलो प्रश्नतर्फ विचार गर्दा</u>, प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले मूलतः प्रतिवादी पुष्पराज मिश्र र धनराज अधिकारीलाई नेपाल विशेष सेवा (सोह्रौं संशोधनसहित) नियमावली, २०४४ को नियम १०.३ बमोजिम विभागीय कारवाही भई मिति २०७१।१०।५ को निर्णयानुसार निजहरुको २ (दुई) तलव वृद्धि ( ग्रेड) रोक्का गरी सजाय गरिसकेको स्थितिमा दोहोरो खतराको सिद्धान्तले प्रस्तुत मुद्दा चलाउनै मिल्दैन भनी बहस जिकिर लिनु भएको देखिन्छ ।वस्तुतः कुनै व्यक्तिले प्रचलित कानूनबमोजिम गरेको कुनै कसुरको सन्दर्भमा एक पटक अभियोग लगाई कारवाही चलाइसकेपछि वा निजले सो मुद्दामा एक पटक सजाय वा सफाइ पाई मुद्दाको किनारा भएपछि पुनः सो व्यक्तिलाई सोही कसुरमा दोहोरो कारवाही चलाउन वा सजाय गर्न सकिंदैन । यो व्यवस्था प्राचीन रोमन सूत्र ***"Nemo debet bis vexari "*** [1] अर्थात एउटै कसूरमा दुई पटक सजाय नहुने मान्यतामा आधारित छ । कमन ल प्रणालीमा यसलाई ***"principle of double Jeopardy "*** नामकरण गर्ने गरिएको छ । प्रस्तुत सिद्धान्त आकर्षित हुनका लागि मूलतः सक्षम निकायबाट निर्णय भएको हुनुपर्ने , निर्णय अन्तिम हुनुपर्ने र त्यस्तो निर्णय स्वच्छसमेत हुनुपर्ने हुन्छ । यो सिद्धान्त उही व्यक्तिले उही कसुरमा अघि नै कारवाही भई सजाय पाइसकेको (***Convicted*** ) वा सफाइ पाइसकेको (***acquitted***) दुबै अवस्थामा आकर्षित हुन्छ ।

२५. नेपालले हस्ताक्षर गरेको नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तारा्ष्ट्रिय प्रतिज्ञापत्र , १९६६ ले प्रस्तुत सिद्धान्तलाई आत्मसात् गरी ***"No one shall be liable to be tried or punished again for an offence for which he has already been finally convicted or acquitted in accordance with the law and penal procedure of each country "*** [2] अर्थात कुनै पनि व्यक्तिलाई कुनै कसुरमा प्रत्येक देशको कानून र दण्ड कार्यविधिअनुसार अन्तिम सजाय दिई सकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसुरमा निज विरुद्ध पुनः मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइने छैन भन्ने व्यवस्थालाई समाहित गरेको पाइन्छ । त्यस्तै यस सिद्धान्तलाई आत्मसात् गर्दै नेपालको संविधान[3] र मुलुकी अपराध ( संहिता) ऐन, २०७४[4]ले कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भनी मौलिक एवम् कानूनी हकको रुपमा प्रत्याभूत गरेको पाइन्छ ।

---

[1] Henry Campbell Black, Black's law Dictionary, 10 th reprint, 1996, 6 th ed, p. 1037

[2] International Covenant on Civil and Political Rights, 1966, Art14(7).

[3] नेपालको संविधान, धारा२०(६).

[4] मुलुकी अपराध (संहिता) ऐन, २०७४ दफा ९

२६.यस परिप्रेक्ष्यमा दोहोरो खतराको सिद्धान्तलाई आत्मसात् गरी न्याय निरुपण गरिनुपर्दछ भन्ने कुरामा दुई मत हुन सक्दैन तर मुद्दाको बिषयवस्तु, प्रकृति र निरुपण गर्नुपर्ने प्रश्नसमेतको विश्लेषण नगरी सिधै उक्त सिद्धान्त आकर्षित हुने भनी अनुमान गरिनु भने न्यायोचित हुँदैन । वस्तुतः प्रत्येक मुद्दा वा कारवाहीको आफ्नै विशिष्टता हुन्छ । त्यसको विषयवस्तु, प्रकृति र निरुपण गर्नुपर्ने प्रश्न फरक हुन सक्ने यथार्थतालाई पनि नजरअन्दाज गर्न सकिँदैन । **सामान्यतः दोहोरो खतराको सिद्धान्त भनेको फौजदारी अपराधमा अभियोजन गर्ने र अदालतबाट हुने सजायको सन्दर्भमा आकर्षित हुन्छ तर रोजगारीको सन्दर्भमा विभागीय कारवाही र सजाय भएको अर्थात *Disciplinary Action* को कारणले अदालती कारवाहीलाई पूर्ण विराम लगाउन सक्दैन । किनकी अदालती कारवाही र विभागीय कारवाही भनेको एउटै नभई अलग अलग प्रकृति, प्रकृया र प्रश्नयुक्त कारवाही हुन् ।** त्यसैले प्रतिवादीहरु पुष्पराज मिश्र र धनराज अधिकारीलाई विभागीय कारवाही गरी दुई ग्रेड रोक्का गर्ने निर्णयसमेत भएको कारणले मात्र सरकारी सम्पत्ति बदनियतले हिनामिना एवम् हानि–नोक्सानी गरेको प्रश्नयुक्त प्रस्तुत भ्रष्टाचार मुद्दा चलाउन मिल्दैन भन्न मिलेन । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट देहायका सिद्धान्तसमेत प्रतिपादन भइरहेको पाइन्छ ।

- **" भ्रष्टाचार मुद्दा परी विभागीय सजायको रुपमा नोकरीबाट हटाइएको र विगो तथा जरिवानाको हकमा अदालती कारवाही चलाएकोलाई एउटै कसूरमा दोहोरो सजाय नहुने भन्ने प्राकृतिक न्यायको सिद्धान्तविपरीत भयो भन्ने रिट मनासिब नदेखिने । "** [5]
- **" संगठनका कर्मचारीलाई आचरणविपरीत कारवाही गरी पुनः भ्रष्टाचारको फौजदारी अपराधमा कारवाही गरी अदालतबाट सजाय हुँदा पनि Double jeopardy विरुद्धको हक हनन् हुँदैन । यो न्यायको मान्य सिद्धान्त हो ।** [6]

२७.अतः प्रस्तुत मुद्दामा दोहोरो खतराको सिद्धान्त आकर्षित हुने अवस्थाको विद्यमानता रहेको नदेखिंदा उक्त सिद्धान्तले प्रस्तुत मुद्दा चल्नै सक्दैन भनी प्रतिवादीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले लिनुभएको बहस जिकिरसँग यो इजलास सहमत हुन सकेन ।

२८.<u>दोश्रो प्रश्नतर्फ विचार गर्दा</u>, प्रतिवादीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण भई महालेखा परीक्षकको कार्यालयबाट समेत लेखा

---

[5] नेपाल कानून पत्रिका, २०४३ नि.नं. २८८७ पृ.१०२०.

[6] नेपाल कानून पत्रिका, २०६४ नि.नं. ७८१६ पृ.१५३.

परीक्षण भई पेश भएको प्रतिवेदनहरुबाट सबै हिसाब फरफारक भइसकेको स्थितिमा सोही विषयलाई लिएर पुनः भ्रष्टाचार मुद्दा चलाउनु कानूनप्रतिकूल हुन्छ भनी बहस जिकिर लिनु भएको देखिन्छ । वस्तुतः हरेक सार्वजनिक संस्थाहरुको प्रत्येक आर्थिक वर्षमा संविधान एवम् कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभाकारिता र औचित्यसमेत विचारगरी लेखा परीक्षण हुने र हुनुपर्नेमा विवाद छैन । लेखा परीक्षण प्रारम्भ गर्नुपूर्व लेखा परीक्षणको योजना बनाएर खर्च गरिएको आधार र कारण देखिने बिल, भरपाई, भौचरलगायतका कागजातको नमूना परीक्षण ( sampling ) को आधारमा लेखा परीक्षण गरिने र लेखा परीक्षण योजनामा नपरेको विषयमा लेखा परीक्षकले ध्यान नदिएको पनि हुनसक्दछ । लेखा परीक्षणको उद्देश्य आर्थिक अनुशासन र कार्यविधिअनुरुप हिसाव किताव दुरुस्त छ, छैन भन्ने विषयमा परीक्षण गरी बेरुजु भएमा सोसमेतको कैफियत जनाउनु हो तर लेखा परीक्षणअन्तर्गत कुनै राष्ट्रसेवकले बदनियतले काम गरेको छ, छैन ? कर्मचारीहरु सक्कली हुन्, होइनन् ? भन्ने जस्ता सम्पूर्ण विषयमा हेर्न सम्भव हुन सक्दैन । उदाहरणार्थ लेखा परीक्षकले कुनै कर्मचारीलाई प्रदान गरेको तलव भत्ता नियमानुसार छ, छैन हेर्न सक्छन् तर जसलाई तलव खुवाएको छ त्यो कर्मचारी नै फर्जी हुन् वा होइनन् त्यसको विषयमा नियुक्ति वा पदस्थापनासम्बन्धी पत्र सक्कली वा नक्कली के हुन् भन्ने विषयमा यकिन गर्न सक्दैनन् । अतः लेखा परीक्षण भई प्रतिवेदन पेश भइसकेपछि कानूननतः अख्तियार प्राप्त अधिकारीले सरकारी सम्पत्ति बदनियतबाट हिनामिना वा हानि-नोकसानी भए नभएको विषयमा अनुसन्धान गरी अभियोजन गर्नै नपाउने भन्न मिलेन ।

२९.**परमार्थमा लेखा परीक्षण प्रतिवेदन भनेको फौजदारी दायित्वबाट उन्मुक्ति पाउने प्रतिरक्षात्मक प्रमाण-पत्र हुन सक्दैन । अतः कुनै पनि सार्वजनिक संस्थाको लेखा परीक्षण कार्य सम्पन्न हुँदैमा सदा सर्वथा भ्रष्टाचार मुद्दा चल्नै सक्दैन भनी कुनै प्रचलित कानूनले उद्घोष नगरेको स्थितिमा अभियोजन पक्षले प्रतिवादीहरुले बदनियतसाथ सरकारी सम्पत्ति हिनामिना एवम् हानि–नोक्सानीसमेत गरेको प्रश्न उठाई प्रस्तुत भ्रष्टाचार मुद्दा चलाउनै मिल्दैन भन्न फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन ।**

३०.<u>तेश्रो प्रश्नतर्फ विचार गर्दा,</u> **भ्रष्टाचार निवारण ऐन, २०५९ले कसैले पनि आर्थिक अनुशासन, नैतिकता र सदाचा प्रतिकूल कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हानि–नोक्सानी गर्न नसकोस् भन्ने उद्देश्यले कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालन गर्दा, नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा बदनियत गरी हिनामिना, हानि-नोक्सानी वा दुरुपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसूरको मात्राअनुसार सजाय हुने र**

**त्यसरी हिनामिना, हानि–नोक्सानी वा दुरुपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुल उपर गरिनेछ[7] भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ ।**

३१.प्रस्तुत कानूनी व्यवस्थाको परिप्रेक्ष्य एवम् परिवेशमा प्रथमतः आरोप–दावी अवलोकन गर्दा, वादी नेपाल सरकारले मूलतः प्रतिवादी पुष्पराज मिश्रले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र ऐ. कार्यालय उदयपुरमा कार्यालय प्रमुखको हैसियतबाट आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको विगो रु. २४,०८,६५३।५६ बराबरको सम्पत्ति बदनियतासाथ हिनामिना एवम् हानि –नोक्सानी गरी र अर्का प्रतिवादी धनराज अधिकारीले सोही कार्यालय, पाँचथरमा सहायक सूचक पदमा रही आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको रु.२२,२१,५८२।०६ बराबरको सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानि –नोक्सानीसमेत गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादीद्वयलाई सोही ऐनको दफा १७, ३(१) तथा ३(१)(च) बमोजिम सजाय गरी निजहरुबाट विगोसमेत असुल उपर गरिपाऊँ र त्यस्तै प्रतिवादी प्रकाशकुमार राईले सोही कार्यालय, उदयपुरमा सूचक पदमा रही आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको विगो रु.१,८७,०७१।५० बराबरको सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानि–नोक्सानीसमेत गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १७,३(१) र ३(१)(घ) बमोजिम सजाय गरी निजबाट विगोसमेत असुलउपर गरिपाऊँ भनी आरोप दावी लिएको देखिन्छ ।

३२.प्रस्तुत आरोप–दावीको सन्दर्भमा **प्रतिवादीमध्ये पुष्पराज मिश्रको हकमा केन्द्रित भई हेर्दा,** निज प्रतिवादीले यस अदालतसमक्ष कुनै पनि फर्जी कर्मचारी खडा गरी उनीहरुको नामको कुनै रकम नखाएको तथा गोप्य कार्यहरु गर्नुपर्ने हुँदा र प्रचलन तथा नियमावलीअनुसार सूत्रहरुलाई उक्त रकमहरु उपलब्ध गराइएको हो तर मैले सो रकम खाए मासेको छैन तथा हानि–नोक्सानी पुऱ्याउने नियत लिएको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दवाब दिई स्वीकार्न लगाएको हो । मैले रकम निकाल्न मौखिक वा लिखित निर्देशन दिएको छैन । म.ले.प. बाट उठेका बेरुजु फछ्र्यौट गर्दाको बैंक भौचरलाई प्रमाण लगाई पाऊँ । उदयपुरको हकमा रकम मैले बुझेर सूत्रहरुलाई पारिश्रमिकबापत रकम उपलब्ध गराई निजबाट भर्पाई लिई सो भर्पाई अद्यावधिक गर्न लेखापाललाई दिने गरेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिए तापनि निज प्रतिवादीले

[7] भ्रष्टाचार निवारण ऐन, २०५९, दफा १७.

अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म २०६६ पौषदेखि २०७१ आषाढसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र २०७१ श्रावण महिनादेखि २०७१ मंसीर महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत थिएँ। देखाइएका भौचर एवं पेरोलमा दरबन्दी नै नभएका कर्मचारीको नाम तलबी भरपाईमा आएको व्यहोरा, जोडजम्मा फरक परेको देखियो। कतिपय अवस्थामा लेखापाललाई विश्वास गर्दा विश्वासघात भएको हो। कर्मचारी कार्यरत नै नभएको अवस्थामा कसरी खर्च लेखियो मलाई थाहा भएन । स्थानीय भत्तालाई फिल्ड भत्तामा लगिएको, पेरोलमा नाम दोहऱ्याई तलब भत्ता खाएको विषय पनि मलाई थाहा भएन । मेरो मनसाय गलत थिएन। खाद्यान्न तथा आहार शीर्षकमा वढी खर्च देखिएको विषय पनि अन्जानवश भएको हो । निर्वाचन सेलका लागि तलब शीर्षकबाट खर्च गरिएको विषयलाई लिएर विभागले मलाई २ ग्रेड रोक्का गरेको छ । भुक्तानी आदेशहरुमा मेरो स्विकृती हस्ताक्षर रहेको छ, लेखापालले ल्याएका कागजातमा विश्वास गर्नु मेरो कमजोरी रह्यो । कार्यरत नै नभएका कर्मचारीहरुलाई रमाना दिएको सन्दर्भमा पनि नियतवश त्यस्तो कार्य आफूले नगरेको व्यहोरा अनुरोध छ । उदयपुरका दुई कर्मचारीको तलब भत्ता आफूले बुझिलिएको कुरा झुठो हो । काम गर्ने क्रममा त्रुटि भएको हुनसक्छ । मैले गलत मनसाय राखी नियतवश हिनामिना गरी खाई मासेको छैन भनी बयान गरेको देखिन्छ । **निज प्रतिवादीले आयोगसमक्ष गरेको उक्त बयान प्रमाण ऐन, २०३१ को दफा ९(२) (क) को देहायका (१) (२) र (३) को अवस्थाविपरीत रहेको छ भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । यस स्थितिमा निज प्रतिवादीको उक्त बयान निजको विरुद्धमा प्रमाण नलाग्ने भन्न मिल्ने अवस्था देखिएन ।**

३३.प्रस्तुत मुद्दाको उठान राष्ट्रिय अनुसन्धान विभागअन्तर्गत पाँचथरमा कार्यरत कार्यालय प्रमुख पुष्पराज मिश्रले रकम हिनामिना गरी भ्रष्टाचार गरेकोले कारवाही गरिपाऊँ भनी देशभक्त नेपालीका नामबाट परेको उजुरीबाट भएको देखिन्छ । तत्पश्चात् विभिन्न कारवाही भई राष्ट्रिय अनुसन्धान विभागका सह अनुसन्धान निर्देशक हुतराज थापाको संयोजकत्वमा ४ सदस्यीय छानविन समिति गठन भई सो समितिको तर्फबाट मिति २०७२।११।१६ मा विस्तृत प्रतिवेदनसमेत पेश भएको देखिन्छ । तदनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न आर्थिक वर्षको सक्कल श्रेस्ता, दरबन्दीको विवरण, सरुवा एवम् हाजिरी विवरण, बैंक स्टेटमेण्ट मगाई अनुसन्धान तहकिकात गरी प्रस्तुत आरोप दायर भएकोमा विवाद देखिंदैन ।

३४.वादी नेपाल सरकारका साक्षीहरु हुतराज थापा, पुष्पनारायण दहाल, दिनेश पौडेल र बालगोपाल श्रेष्ठले यस अदालतसमक्ष छानविन प्रतिवेदनको व्यहोरा ठीक साँचो छ । त्यसमा रहेको सहिछाप आफ्नै हो। प्रतिवादीहरुले तलव भत्ता लगायतका खर्चहरु दोहोऱ्याई लेखिएको, काल्पनिक नाम प्रयोग गरी सरकारी खर्च लेखिएको, एकै व्यक्तिको नाम तल माथि पारी भुक्तानी गरेको, जोड जम्मा फरक पारी बढी खर्च लेखिएको समेत भनी छानविन प्रतिवेदनको समर्थन गरी अलग अलग बकपत्र गरेको देखिन्छ । प्रतिवादी पुष्पराज मिश्रका साक्षी रामप्रसाद रिजालले यस अदालतसमक्ष प्रतिवादीलाई रिसइवीको कारणले दुःख दिने नियतले फसाएको हुनसक्छ भनी बकपत्र गरेको देखिए तापनि कसले के कस्ता कारणले प्रतिवादीलाई फसाउन खोजेका हुन् भन्ने कुरा प्रष्ट गर्न सकेको देखिँदैन ।

३५.वस्तुतः प्रतिवादी कार्यरत राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर एवम् उदयपुरसमेत नेपाल विशेष सेवा ऐन, २०४२ र नेपाल विशेष सेवा ( सत्रौं संशोधनसहित) नियमावली, २०४४ बमोजिम सञ्चालन हुने संवेदनशील एवम् अति गोप्य तवरबाट काम कारवाही गर्नुपर्ने निकाय भएकोमा विवाद छैन । यस्तो निकायसँग सम्बद्ध प्रस्तुत मुद्दामा अभियोजन पक्षले आरोप–पत्रमा तालिका नं. १ देखि १३ सम्मको विश्लेषणबाट प्रतिवादी पुष्पराज मिश्र र धनराज अधिकारीले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा नेपाल सरकारको सम्पत्ति बदनयितसाथ हिनामिना एवम् हानि –नोक्सानी गरी आफूहरुले मासी लिएको भनी देहायबमोजिम दाबी लिएको देखिन्छ ।

| तालिका नं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानीनोक्सानी एवं मासेको शीर्षक | हिनामिना, हानि-नोक्सानी एवं मासेको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७०।०७१ | पाँचथर | दरवन्दी बाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च | २,७९,२००।- | |
| २ | २०७०।०७१ | पाँचथर | तलबी भरपाईमा जोडजम्मा फरक पारी बढी खर्च लेखेको | ६,३९,२८०।- | |
| ३ | २०७०।०७१ | पाँचथर | स्थानीय भत्ता शीर्षकमा बढी खर्च | ३०,०००।- | |
| ४ | २०७०।०७१ | पाँचथर | विभागीय नम्बर तलमाथि पारी दोहोऱ्याई तलब भत्तामा बढी खर्च लेखेको | ४०,२७८।- | |
| ५ | २०७०।०७१ | पाँचथर | छुट तलब भत्ता रासन भनी दोहोऱ्याई तलब भत्ता रासनमा बढी खर्च लेखेको | ६९,३१६।- | |
| ६ | २०७०।०७१ | पाँचथर | निर्वाचन सेलको लागि भनी तलब शीर्षकबाट दोहोरो खर्च लेखेको | ६०,९८७।- | |
| ७ | २०७०।०७१ | पाँचथर | पोशाक शीर्षकमा नक्कली कर्मचारीको नाम राखी खर्च | १५,०००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लेखेको | | |
| ८ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च लेखेको | ५,५३,०५८।- | |
| ९ | २०७०।०७१ | पाँचथर | विभिन्न कर्मचारीहरुको नाममा ग्रेडमा बढी खर्च लेखेको | ७,२३०।- | |
| आ.व. २०७०।७१ मा पाँचथरको जम्मा रकम रु. | | | | १६,९४,३४९।- | |
| १० | २०६९।०७० | पाँचथर | तलब भत्ता र खाद्यान्नमा बढी खर्च लेखेको एकमुष्ठ जम्मा | ४,५५,४९८।०६ | आ.व. २०६९।७० को श्रेष्ता फेला नपरेको |
| ११ | २०६७।०६८ | पाँचथर | फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | ७१,७३५।- | |
| | पाँचथर जिल्लाको जम्मा रकम रु. | | | २२,२१,५८२।०६ | |

३६.मिसिल संलग्न प्रतिवेदन, सम्बद्ध भौचर, भरपाई, दरबन्दी विवरण एवम् सरुवासम्बन्धी पत्र, हाजिर कापीसमेत भिडाएर माथि उल्लिखित **तालिका नं.१ को सन्दर्भमा विचार गर्दा**, मिति २०५३।१२।४ मा राजीनामा दिई खाली भएको अनुसन्धान सहायक १११७९९ विभागीय नम्वरका कर्मचारीको नाममा २०७० साल साउन, भाद्र, असोज, कार्तिक, मंसिर, पौषको तलव भत्ता र सोही सालको दशैं खर्च बापतसमेत जम्मा रु.१,२४,०४२।–कानूनविपरीत भुक्तानी गरे गराएको देखियो । त्यस्तै अनुसन्धान सहायक १११२०८५ विभागीय नम्वरका कर्मचारी राष्ट्रिय अनुसन्धान विभागको मिति २०७०।४।४ को पत्रानुसार मिति २०७०।४।२ को निर्णयले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सुनसरीमा सरुवा भई कार्यरत रहेकोमा उक्त कर्मचारीका नाममा २०७० साल साउन, भाद्र, असोज, कार्तिक, मंसिर, पुषको तलव भत्ता एवम् दशैं खर्चसमेत रु.१,१९,२०२।–कानूनविपरीत भुक्तानी गरे गराएको देखियो । तदनुरुप मिति २०७०।४।२ को विभागीय निर्णयानुसार राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट राष्ट्रिय अनुसन्धान विभागमा सरुवा भई विभागमै कार्यरत रहेका सहायक सूचक १११२७१० विभागीय नम्बरको कर्मचारीको नाममा २०७० साल साउन र मार्गको तलव भत्तासमेत बापत रु.३५,९५६।- कानूनविपरीत भुक्तानी गरी तालिका नं १ अन्तर्गत जम्मा रु.२,७९,२००।- हिनामिना एवम् हानि –नोक्सानी समेत गरेको देखियो ।

३७.**तालिका नं. २ को सन्दर्भमा विचार गर्दा,** विभिन्न मितिका भौचर नं १,१३,१९,२२,२९,५२,५८,६४,७०,७३, ८४,८९ र सम्बद्ध तलव विवरण फारमहरुसमेत भिडाएर हेर्दा २०७० साल साउनदेखि २०७१ साल जेष्ठमहिनासम्म पटक पटक तलवी भरपाईमा हुनुपर्ने वास्तविक रकमभन्दा बढी रकम जोड जम्मा देखाई रकम निकालेको पाइयो । उदाहरणार्थ मिति

२०७०।४।१८ को भौचर नम्बर १ सँग सम्बन्ध तलव विवरण फारममा तलवी महलमा जम्मा रु.२,३७,७०५।–हुनुपर्नेमा रु.४,३७,७०५।– उल्लेख गरी रु.२,००,०००।- कानूनविपरीत रकम निकालेको देखियो भने मिति २०७१।२।७ को भौचर नं ८९ सँग सम्बद्ध तलव विवरण फारममा पनि तलबबापत हुनुपर्ने जम्मा रु.१,८४,९३८।- तर रु.२,३६,९३८।- उल्लेख गरी जम्मा रु.५२,०००।- कानूनविपरीत रकम निकालेको देखियो । तदनुरुप अन्य भौचरहरुसँग सम्बद्ध तलव विवरण फारममा पनि जोड जम्मा फरक पारी तालिका नं. २ अन्तर्गत जम्मा रु. ६,३९,२८०।- हिनामिना एवम् हानि–नोक्सानीसमेत गरेको देखियो ।

३८.**तालिका नं.३ को सन्दर्भमा विचार गर्दा,** मिति उल्लेख नगरिएको भौचर नं.९२ मा कर्मचारीहरुलाई फिल्डभत्ता बापत रु.३०,०००।- उल्लेख भएको तर सो रकम स्वीकृति बेगर स्थानीय भत्ता शीर्षकबाट खर्च गरेको देखियो । सम्बद्ध भरपाईमा फिल्डभत्ता प्राप्त गर्ने कर्मचारीहरुको दस्तखतसमेत भएको देखिएन । यसरी तालिका नं ३ अन्तर्गत जम्मा रु. ३०,०००।–हिनामिना एवम् हानि–नोक्सानीसमेत गरेको देखियो ।

३९.**तालिका नं.४ को सन्दर्भमा विचार गर्दा,** मिति २०७०।५।२० को भौचर नं. १३ सँग सम्बद्ध अनुसन्धान सहायक १११३९३३ र १११३८८५ विभागीय नम्बरका कर्मचारीको तलवी भरपाईमा दुई ठाउँमा सो नम्वर उल्लेख गरी तलबबापत जम्मा रु.३५,९०४।- कानूनविपरीत बढी खर्च गरे गराएको देखियो । तर मिति २०७०।५।२० को भौचर नं.१८ सँग सम्बद्ध अनुसन्धान सहायक ११११७९९ र १११२०८५ विभागीय नं. का कर्मचारीलाई भने दुई ठाउँमा सो नम्बर उल्लेख गरी दोहोरो भत्ता भुक्तानी दिएको तथ्य सम्बद्ध तलवी भरपाईबाट देखिएन । यसको साथै सो भौचर नं. सँग सम्बद्ध भत्ता तालिका नं. १ मा नै परिसकेको देखिँदा तालिका नं. ४ अन्तर्गत भौचर नं. १८ सँग सम्बद्ध भत्ता बापतको जम्मा रु.४३७४।–सम्म दावी पुग्ने देखिएन ।

४०.**तालिका नं. ५ को सन्दर्भमा विचार गर्दा,** वस्तुतः सूचक १११२३८६ विभागीय नं. का कर्मचारीको नाममा २०७० सालकै भौचर नं. १३ बाट भाद्र महिनाको तलव, भौचर नं. १८ बाट सोही महिनाको अन्य भत्ता र राशन भत्ता, भौचर नं १९ बाट असोज महिनाको तलव, भौचर नं २१ बाट सोही महिनाको राशन भत्ता एवम् अन्य भत्ता र भौचर नं.२२ बाट तलव भत्ता एवम् दशै खर्च लेखिएको भएपनि पुनः मिति २०७०।६।१८ को भौचर नं. २७ बाट सूचक १११२३८६

विभागीय नं. का कर्मचारीको नाममा २०७० साल भाद्र र असोजको छुट तलव भत्ता एवम् राशन भत्ता भनी रु.६९,३१६।- कानूनविपरीत भुक्तानी गरे गराएको देखियो ।

४१.**तालिका नं. ६ को सन्दर्भमा विचार गर्दा,** मिति २०७२।११।१६ को छानविन समितिको प्रतिवेदन र भौचर नं. ४४ बाट निर्वाचन सेल भत्ता वितरण भइसकेकोमा पुनः विभिन्न कर्मचारीहरुका नाममा भौचर नं. ५७ बाट निर्वाचन सेलको लागि भनी तलव शीर्षकबाट रु.६०,९८७।–कानूनविपरीत बढी भुक्तानी गरे गराएको देखियो ।

४२.**तालिका नं. ७ को सन्दर्भमा विचार गर्दा,** संवेदनशील प्रकृतिको कार्य गर्नुपर्ने कारणले विभागीय नीतिअनुसार विभागीय नम्बरबाट मात्र खर्च लेख्ने गरेकोमा मिति उल्लेख नभएको भौचर नं. ८७ बाट प्रकाश र रविन भन्ने काल्पनिक कर्मचारीका नाममा पोशाक शीर्षकबाट रु.१५,०००।– कानूनविपरीत भुक्तानी गरे गराएको देखियो ।

४३.**तालिका नं ८ को सन्दर्भमा विचार गर्दा,** आ.व.०७०।०७१ मा विभिन्न कर्मचारीहरुका नाममा भौचर नं. ३, १८, २१, ३१, ५४, ५६ ,६०, ६६, ६८, ७२ भु.आ.नं. १७ समेतबाट खाद्यान्न तथा आहार शीर्षकमा हुनुपर्ने यथार्थ खर्चभन्दा बढी रु.५,५३,०५८।- कानूनविपरीत भुक्तानी गरे गराएको देखियो । उदाहरणार्थ खाद्यान्न तथा आहार शीर्षकअन्तर्गत तत्कालको दररेट र कार्य दिनको हिसावले साउन महिनामा जम्मा रु.६०,१९२।- मात्र खर्च हुनुपर्नेमा साउन महिनाको भौचर नं. ३ मा रु.१,१५,५२८।–लेखी रु.५५,३३६।- बढी खर्च लेखेको पाइयो भने फागुन महिनामा जम्मा रु.५९,८३४।४० मात्र खर्च हुनुपर्नेमा भौचर नं. ७२ मा रु.६०,३९१।- लेखी रु.५५७।- बढी खर्च लेखेको पाइयो । तदनुरुप माथि उल्लिखित अन्य भौचरहरुमा पनि हुनुपर्ने यथार्थ खर्च भन्दा बढी खर्च लेखेको पाइयो ।

४४.**तालिका नं. ९ को सन्दर्भमा विचार गर्दा,** आ.व.०७०।०७१ मा भौचर नं. १,१३,१९,२२,२९,५२,५८,६४ र ७० बाट विभिन्न कर्मचारीहरुलाई ग्रेडबापत हुनुपर्ने यथार्थ खर्च भन्दा बढी रु.७२३०।- कानूनविपरीत भुक्तानी गरे गराएको देखियो । जुन तथ्य राष्ट्रिय अनुसन्धान विभागको प.सं.१११ प्र.१ (ख) १,८३ मिति २०७३।४।२७ को पत्रसाथ प्राप्त विवरणबाट पनि पुष्टि भएको देखियो ।

४५.**तालिका नं.१० को सन्दर्भमा विचार गर्दा,** राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरबाट आ.व. ०६९।०७० मा तलव भत्ता र खाद्यान्नमा रु.४,५५,४९८।०६ बढी भुक्तानी गरे गराएको भन्ने आरोप–दावी देखिए तापनि आरोप–पत्रमा नै प्रष्ट रुपमा आ.व. ०६९।०७० को सक्कल श्रेस्ता फेला नपरेको तथ्याङ्कन भएको देखिन्छ। यसरी सक्कल श्रेस्ता नै फेला नपरेको स्थितिमा अन्य आर्थिक विवरण वा प्रतिवेदनसँग भिडाएर वस्तुनिष्ठ प्रमाणको अभावमा अन्दाज, अनुमान र अड्कलको आधारमा रु.४,५५,४९८।०६ बढी भुक्तानी गरे गराएको मात्र फौजदारी न्यायको मान्य सिद्धान्तले अनुमति प्रदान नगर्ने हुँदा तालिका नं. १० अन्तर्गतको रु.४,५५,४९८।०६ हदसम्म आरोप-दावी पुग्न सक्ने देखिएन ।

४६.**तालिका नं.११ को सन्दर्भमा विचार गर्दा,** आ.व.०६७।०६८ मा भौचर नं ७४ र ८० बाट विभागीय नं. अ.स. १११३८६६ को पदमा नियुक्त नै नभएको र उक्त विभागीय नम्बरका अनुसन्धान अधिकृत मिति २०६८।२।२० मा राष्ट्रिय अनुसन्धान विभागमा नयाँ नियुक्त भई विभागमै दरबन्दी कायम भई कार्यरत रहेकोमा २०६८ सालको जेष्ठ र असार महिनाको तलव भत्ता र राशन बापत भनी रु.३८,७४९।- र सहायक सूचक १११३८२५ विभागीय नम्बरका कर्मचारी मिति २०६७।११।२७ मा राष्ट्रिय अनुसन्धान विभागको दरबन्दीमा नियुक्ति भई सोही मितिदेखि मिति २०७२।६।२२ सम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत रहेको मिसिल संलग्न राष्ट्रिय अनुसन्धान विभागको मिति २०७३।४।२७ को पत्रबाट पुष्टि भइरहेकोमा निजका नाममा समेत २०६८ साल जेष्ठ र असार महिनाको तलव भत्ता र राशन बापत भनी रु.३२,९८६।- समेत जम्मा रु.७१,७३५।- कानूनविपरीत भुक्तानी गरे गराएको देखियो ।

४७.यसरी प्रतिवादीहरु पुष्पराज मिश्र र धनराज अधिकारी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा कार्यरत रहेको अवधिमा अर्थात आ.व. ०६७।०६८, ०६९।०७० र ०७०।०७१ समेतमा गरी जम्मा विगो रु. १७,६१,७१०।–बराबरको सरकारी सम्पत्ति हिनामिना एवम् हानि–नोक्सानी गरेको देखिए तापनि निज प्रतिवादीद्वयले नेपाल बैंक लिमिटेड शाखा कार्यालय, पाँचथरमा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरका नाममा खोलिएको खातामा बेरुजु बापत देहायबमोजिमको रकम दाखिला गरेको तथ्य मिति २०७२।११।१६ को छानविन समितिको प्रतिवेदन र सम्बद्ध भौचरहरुबाट देखिएको छ ।

| दाखिला मिति | दाखिला गर्ने व्यक्ति | दाखिला गरेको रकम |
|---|---|---|
| २०७१।८।९ | धनराज अधिकारी | रु.३,८०,०००।– |
| २०७१।८।१० | पुष्पराज मिश्र | रु.३,१०,०००।– |
| २०७१।८।११ | पुष्पराज मिश्र | रु.३,२०,८८०।– |

| | |
|---|---|
| **जम्मा दाखिला भएको रकम** | **रु.१०,१०,८८०।–** |

४८.प्रतिवादीद्वयले माथि तालिकामा उल्लेख भएबमोजिमको रकम सम्बद्ध बैंकमा जम्मा गरेको स्थितिमा उक्त रकम विगोमा कायम गर्न मिल्ने हो, होइन ? भन्ने प्रश्नमा केन्द्रित भई हेर्दा, प्रस्तुत मुद्दाको आरोप–पत्र दायर भएको मिति २०७३।५।२३ भन्दा अगावै देशभक्त नेपालीका नामबाट मिति २०७२।१।६ मा उजूरी परेको र छानविन समितिको प्रतिवेदन मिति २०७२।११।१६ मा तयार भएको परिप्रेक्ष्यमा सोभन्दा अगावै बेरुजु रकम सम्बद्ध बैंक खातामा जम्मा गरिसकेको स्थितिमा सो जम्मा गरेको हदसम्मको रकम प्रतिवादीहरुले हिनामिना एवम् हानि–नोक्सानी गरेको मानी प्रस्तुत मुद्दाको विगोमा समावेश गर्न न्यायोचित हुने देखिएन । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट **"...प्रतिवादीले रु.१,४१,५२०।–रा.वा.बैंकको खातामा जम्मा गरेको कारणले उक्त रकम विगोमा कायम गर्नुपर्ने हो,होइन भन्ने सन्दर्भमा प्रतिवादीले मिति २०६१।३।२७ मा उक्त रकम जम्मा गरेको ...आरोप–पत्र पेश हुनु अगावै प्रमुख जिल्ला अधिकारीसमक्ष बामदेव सुवेदीले मिति २०६१।५।२० मा उजुरी दिएको, मिति २०६१।६।४ मा निजसमेत छानविन समितिका सदस्यहरुले उजुरी दिएको र राजा मा.वि. छानविन समितिको प्रतिवेदन मिति २०६१।५।३० मा तयार भएको परिप्रेक्ष्यमा सोभन्दा अगाबै बैंक खातामा जम्मा भएको अवस्था हुँदा यसलाई भ्रष्टाचारको विगोमा समावेश गर्ने अवस्था भएन । "**[8] भनी कानूनी सिद्धान्तसमेत प्रतिपादन भइरहेको परिप्रेक्ष्यमा यी प्रतिवादीद्वयको तर्फबाट बैंक खातामा दाखिला गरिसकेको रु.१०,१०,८८०।– प्रस्तुत मुद्दामा दावी लिइएको पाँचथरतर्फको विगोमा समावेश गर्न नमिल्ने हुँदा पाँचथरतर्फको विगोमा रु. १७,६१,७१०।–कायम नभई जम्मा विगो रु.७,५०,८३०।–मात्र कायम हुने देखियो ।

[8]नेपाल कानून पत्रिका, २०७२ नि.नं. ९४०३ पृ. ८७१.

४९.अब प्रतिवादीहरु पुष्पराज मिश्र र प्रकाशकुमार राई राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत रहँदा सरकारी सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानि–नोक्सानी गरी मासी लिएको भनी अभियोजन पक्षले आरोपपत्रमा तालिका नं. १२ र १३ को विश्लेषणको आधारमा देहायबमोजिम दावी लिएको देखिन्छः-

| तालिका नं. | आ.व. | जिल्ला कार्यालय | रकम हिनामिना, हानि-नोक्सानी एवं मासेको शीर्षक | हिनामिना हानि-नोक्सानी एवं मासेको रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १२ | २०७०।०७१ | उदयपुर | दरवन्दी बाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | ३५,८३९।६८ | |
| १३ | २०७१।०७२ | उदयपुर | दरवन्दी बाहेकका फर्जी कर्मचारीहरुको नाममा तलब तथा भत्तामा बढी खर्च जम्मा रकम रु. | १,५१,२३१।८२ | |
| उदयपुर जिल्लाको जम्मा रकम रु. | | | | १,८७,०७१।५० | |

५०.**मिसिल संलग्न प्रतिवेदन, सम्बद्ध भौचर, भरपाई, दरबन्दी विवरण एवम् सरुवा सम्बन्धी पत्र, हाजिर कापीसमेत भिडाएर माथि उल्लिखित तालिका नं १२ र १३ को सन्दर्भमा विचार गर्दा,** सूचक १११२६०२ विभागीय नम्बर राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सल्यानको प्रमुख अनुसन्धान अधिकृत पदमा कार्यरत कर्मचारी रहेकोमा निज मिति २०७१।१।२८ देखि मिति २०७१।९।२४ सम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय बैतडीको दरबन्दीमा कार्यरत रहेको तथ्य राष्ट्रिय अनुसन्धान विभागको प.स.१११प्रः १(ख) १,८३ मिति २०७३।४।२७ को पत्र एवं सो पत्रसाथ संलग्न विवरणबाट प्रष्ट रुपमा खुलेको, दरबन्दी विवरणमा सो विभागीय नं.नभएको र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरको मिति २०७३।५।३ को पत्रसमेतबाट प्राप्त हाजिरी विवरणबाट उक्त विभागीय नं. का कर्मचारी सो कार्यालयमा नै नभएकोमा आ.व. ०७०।०७१ को भौचर नं. ५६,आ.व.०७१।०७२ को भौचर नं.५,६,१० र १४ समेतबाट २०७१ सालको असार, भाद्र, असोज र कार्तिक महिनाको तलव भत्ता, राशन भत्ता एवम् दशै खर्चसमेत जम्मा रु.९३,५३३।७५ कानूनविपरीत भुक्तानी गरे गराएको देखियो ।

५१.त्यस्तै सहायक सूचक १११२८१३ विभागीय नं. का कर्मचारी मिति २०५८।४।१ देखि गयल खारेजमा परेको व्यहोरा राष्ट्रिय अनुसन्धान विभागको प.स.१११ प्रः १(ख) १, ८३ मिति

२०७३।४।२७ को पत्र र सो पत्रसाथ संलग्न विवरणबाट प्रष्ट रुपमा खुलेको, दरबन्दी विवरणमा सो नं. नभएको र राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरको मिति २०७३।५।३ को पत्रसमेतबाट प्राप्त हाजिरी विवरणमा उक्त विभागीय नं. को कर्मचारी सो कार्यालयमा नै नभएकोमा आ.व.०७०।०७१ को भौचर नं. ५६, आ.व.०७१।०७२ को भौचर नं. ५,६,१० र १४ समेतबाट २०७१ सालको असार, भाद्र , असोज र कार्तिक महिनाको तलव भत्ता, राशन एवम् दशैं खर्चसमेत जम्मा रु.९३,५३७।७५ कानूनविपरीत भुक्तानी गरे गराएको देखियो । यसरी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरतर्फ अर्थात तालिका नं. १२ र १३ अन्तर्गत जम्मा विगो रु. १,८७,०७१।५० बराबरको सरकारी सम्पत्ति हिनामिना एवम् हानि–नोक्सानी गरेको देखियो ।

५२.**फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार आपराधिक कार्य** (**Actus Reus**) **र आपराधिक मनसाय** ( **Mens Rea** ) **को संयोजन बेगर आपराधिक दायित्व सिर्जना हुन सक्दैन ।** यस सैद्धान्तिक कोणबाट हेर्दा प्रतिवादी पुष्पराज मिश्र प्रमुख अनुसन्धान अधिकृतको रुपमा संवेदनशील निकाय अर्थात राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथर र उदयपुरमा कार्यरत राष्ट्रसेवक भएकोमा निर्विवाद छ । निज प्रतिवादी कार्यालय प्रमुखको हैसियतले आफ्नो कार्यालयको लेखा एवम् हिसाब किताब आर्थिक अनुशासन एवम् कार्यविधिमुताविक दुरुस्त रुपमा राख्ने र राख्न लगाउने दायित्व निर्वहन गर्नैपर्ने हुन्छ। यो निजको कानूनी दायित्व पनि हो । अतः निज प्रतिवादीले लेखापाललाई विश्वास गरेर, के कसरी खर्च लेखिएको थाहा भएन भनेर, स्थानीय भत्तालाई फिल्ड भत्तामा खर्च गरेको थाहा भएन, मेरो गलत मनसाय थिएन, अन्जानवश खाद्यान्न तथा आहार शीर्षकमा बढी खर्च देखिएको भनेर आफ्नो कानूनी दायित्वबाट पन्छिन मिल्ने होइन ।

५३.माथि विवेचना गरेअनुरुप यी प्रतिवादीले तलव रकमको जोड जम्मा बढी रकम पटक पटक लेखेकोमा पनि प्रतिक्रिया दिएको देखिँदैन । सम्बन्धित तलव भरपाई एवम् भौचरसमेतमा यी प्रतिवादीले सदर गर्ने अधिकारीको रुपमा हस्ताक्षर गरेकोमा पनि अन्यथा भन्न सकेको देखिँदैन । सह-प्रतिवादी धनराज अधिकारीले मौकामा विभागीय नम्बर दोहोर्‍याई वा थप गरिएको रकमहरु कार्यालय प्रमुख एवम् लेखापालले बाँड्ने गरेको र कार्यालय प्रमुख पुष्पराज मिश्रबाट आदेश भएबमोजिम थप रकम झिकिएको समेत हो भनी बयान गरेको देखिन्छ । त्यस्तै सह-प्रतिवादी प्रकाश कुमार राईले उदयपुरतर्फ १११२६०२ र १११२८१३ को विभागीय नम्बर रहेका कर्मचारीलाई मैले कहिले पनि कार्यालयमा देखिन । निजहरुको खर्च कार्यालय प्रमुखको आदेशमा खर्च लेखेको र निजहरुको नामको रकम कार्यालय प्रमुख पुष्पराज मिश्रले नै लगी मलाई भरपाई दिनु हुन्थ्यो भनी बयान गरेको

देखिन्छ भने यी प्रतिवादी स्वयंले यस अदालतसमक्ष उदयपुरका हकमा रकम मैले बुझेर सूत्रहरुलाई पारिश्रमिक बापत रकम उपलव्ध गराई निजबाट भरपाई लिई सो भरपाई अद्यावधिक गर्न लेखापाललाई दिने गरेको भनी बयान गरेको देखिन्छ ।तर माथि विवचना गरे अनुरुप १११२६०२ र १११२८१३ विभागीय नम्बरका कर्मचारी नै उदयपुरमा कार्यरत नभएको स्थितिमा यी प्रतिवादीले आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय ( Mens Res ) सहित आरोपित कसूर गरेको होइन रहेछ भन्न मिलेन ।

५४.नेपाल विशेष सेवा ( सत्रौ संशोधनसहित) नियमावली, २०४४ को व्यवस्थाबमोजिम यी प्रतिवादीले सूत्र सञ्चालन समितिको स्वीकृति प्राप्त गरी सूत्र नियुक्त गरेको र सूत्रलाई दिएको रकमको भरपाई सहित फाँटवारी  दुरुस्त राखी सूत्र सञ्चालन समितिबाट समर्थन गराएको भनी प्रमाण दिन सकेको पनि देखिँदैन । **सिद्धान्ततः संवेदनशील निकायमा प्रमुखको रुपमा काम गर्ने यी प्रतिवादीले आफ्नो निकायसँग सम्वद्ध  ऐन, नियमविपरीतको आर्थिक अराजकता हुने कार्य गर्नु भनेको सुशासनको सिद्धान्त र प्रचलित कानूनसमेतको प्रतिकूल कार्य हो जुन कार्य क्षम्य हुन सक्दैन ।**

५५.**कानूनतः कुनै अभियोग लागेको व्यक्तिले सो अभियोगबाट उन्मुक्ति  पाउने वा सजायमा कमी वा छुट पाउने जिकिर लिएमा सो कुराको प्रमाणित गर्ने भार ( onus of proof ) निजमाथि नै रहन्छ।[७] तर निज प्रतिवादीले आफूले कसूर नगरेको भनी जिकिर लिएको देखिए तापनि सो जिकिरलाई प्रमाणित गर्नका लागि वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न सकेको देखिदैन।** अतः मिसिल संलग्न प्रमाणहरुबाट माथि विवेचना गरे अनुरुप आरोप–पत्रमा विगो रु.२४,०८,६५३।५६दावी लिएको देखिएतापनि निज प्रतिवादी पुष्पराज मिश्रले पाँचथरको कार्यालयतर्फ रु.७,५०,८३०।- र उदयपुरको कार्यालयतर्फ रु.१,८७,०७१।५० समेत गरी जम्मा रु.९,३७,९०१।५० बराबरको सरकारी सम्पत्तिसम्म बदनियतसाथ हिनामिना एवम् हानि–नोक्सानी गरी आरोपित कसुर गरेको देखियो ।

५६.**प्रतिवादीमध्ये धनराज अधिकारीको हकमा केन्द्रित भई हेर्दा,** निज प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म २०६८ साल जेष्ठ महिनादेखि २०७१ पौष महिनासम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा कार्यरत थिएँ । आ.व. २०६७।६८ र आ.व. २०७०।७१ मा विभागबाट पठाएको तलबी प्रतिवेदनअनुसार नै खर्च लेखिएको थियो । थप कर्मचारीको तलब गएको भए त्यो गलत भयो । तत्कालीन कार्यालय प्रमुख पुष्पराज मिश्रबाट सूत्र

[७]प्रमाण ऐन, २०३१ दफा २७(१).

संचालनका लागि तलब शीर्षकमा थप रकम जम्मा गरिदिनु भन्ने आदेश भएअनुसार थप रकम झिकिएको हो । विभागीय नम्बर दोहऱ्याई वा थप गरिएको रकमहरु तत्काल कार्यालय प्रमुख र लेखापालले बाड्ने गरेको हो । सूत्र परिचालनका लागि थप रकम झिक्दै गर्नु म माथि कुरा गरौंला भनी कार्यालय प्रमुखले भनेकोले रकम झिकिएको हो । मेरो ठूलो गल्ती भयो । तत्कालीन कार्यालय प्रमुखको आदेशानुसार रकम झिकिएकोले यसमा मेरो मात्र केही गल्ती छैन । तालिम पनि नभएकोले लेखाको काम उचित रुपमा गर्न सकिएन भनी आरोपित कसुरमा साबित रही बयान गरेको देखिन्छ । यस अदालतबाट निज प्रतिवादीका नाममा जारी भएको समाब्हान म्याद मिति २०७३।१२।४ मा रीतपूर्वक तामेल भएको देखिन्छ तर निज प्रतिवादीले प्राकृतिक न्यायको सिद्धान्तको भावनाबमोजिम प्रतिवाद गर्नका लागि दिइएको अवसरलाई बेवास्ता गरी बसेको देखिन्छ। यसरी ऐनका म्यादभित्र यस अदालतसमक्ष उपस्थित भई आफ्नो सत्य तथ्य भनाई प्रस्तुत गरी न्याय सम्पादन कार्यमा सहयोगसम्म नगरी प्रारम्भिक म्याद नै गुजारी बसेबाट निजको मौकाको साबिति बयानलाई निजको विरुद्ध प्रमाणमा लिन मिल्ने नै देखियो । वस्तुतः निज प्रतिवादी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, पाँचथरमा तत्कालीन सहायक सूचक पदमा कार्यरत रहे तापनि लेखा फाँटको जिम्मासमेत निजलाई तोकिएकोमा विवाद छैन । कानूनतः राष्ट्रसेबकको रुपमा कार्यरत निज प्रतिवादीले लेखा फाँटको जिम्मासमेत प्राप्त गरेपछि लेखाको सामान्य सिद्धान्तबमोजिम हिसाब किताब एवम् लेखा दुरुस्त राख्नुपर्नेमा तालिम नभएको भन्ने आधारमा आर्थिक अराजकता हुने कार्य गर्न छुट पाउन सक्ने होइन । कार्यालय प्रमुखले आदेश दिएको भन्ने आधारमा मात्र निजले आफ्नो दायित्वबाट पन्छिन पाउने पनि होइन ।

५७.लेखा फाँटको जिम्मा पाउने यी प्रतिवादीले सामान्य आर्थिक अनुशासन र कार्यविधिविपरीत दरबन्दी नै नभएका कर्मचारीको नाममा तलव भत्ता निकाल्ने, तलव भत्ताको हुनुपर्ने भन्दा बढी रकम जोड जम्मा गरी पटक पटक निकाल्ने, उही कर्मचारीलाई एउटै तलवी भरपाईमा २ ठाउँमा उल्लेख गरी तलब भत्ता निकाल्ने, निर्वाचन सेल बापत २ पटक रकम भुक्तानी गर्ने गराउने, आहार एवम् खाद्यान्न शीर्षकमा यथार्थभन्दा बढी खर्च लेख्ने , बढी ग्रेड दिने र फर्जी कर्मचारीको नाममा तलव भत्तासमेत खर्च गर्ने कार्य गरेको देखिन्छ। जुन कार्य अन्जानवश भएको र त्यसमा निज प्रतिवादीको बदनियत थिएन भन्न सकिने आधार देखिएन । सम्बन्धित भौचर र तलवी विवरण भरपाईसमेत तयार गर्नेमा यी प्रतिवादीले हस्ताक्षर गरेको पनि देखिन्छ ।

५८.यसस्थितिमा यी प्रतिवादीको मौकाको बयानमा विभागीय नम्बर दोहोऱ्याई वा थप गरिएको रकमहरु कार्यालयप्रमुख र लेखापालले बाँड्ने गरेको भन्ने व्यहोरा उल्लेख भएबाट निज प्रतिवादीले आपराधिक कार्य (Actus Reus) र आपराधिक मनसाय ( Mens Rea ) सहित आरोपित कसुर गरेको होइन रहेछ भन्न मिलेन। वस्तुतः लेखा फाँटमा काम गर्ने यी प्रतिवादीले आफूले राखेको वा तयार गरेको भौचर लगायतका कागजात ठीक दुरुस्त रहेको छ भनी सप्रमाण अदालतमा उपस्थित भई प्रतिवादसम्म गर्न नसकेको स्थितिमा आरोप-पत्रमा विगो रु.२२,२१,५८२।०६ दावी लिएको देखिए तापनि माथि विवेचना गरेअनुरुप निज प्रतिवादी धनराज अधिकारीले पाँचथरतर्फको तालिका १ देखि ११ सम्मको जम्मा विगो रु.७,५०,८३०।–बराबरको सरकारी सम्पत्तिसम्म बदनियतसाथ हिनामिना एवम् हानि–नोक्सानी समेत गरी आरोपित कसुर गरेको देखियो ।

५९.**अब प्रतिवादी प्रकाशकुमार राईको हकमा केन्द्रित भई हेर्दा,** निज प्रतिवादीले यस अदालतसमक्ष कार्यालय प्रमुखले भनेबमोजिम लेखाको काम गर्ने भएकोले मेरो दोहोरो जिम्मेवारी थियो । हाम्रो अफिसमा एउटा गोप्य सूचना संकलन गर्ने भएकोले को को हुन् प्रत्यक्ष नदेखिने हुँदा र निजहरुको कार्यालय प्रमुखसँग प्रत्यक्ष भेटघाट हुने, निजहरुको नियमित हाजिर पनि नहुने भएकाले ती सूचकलाई मैले देखिन । चिनेको पनि छैन । कार्यालय प्रमुखले लाए अह्राएकाले सरुवा पत्रसमेत आएकाले मैले दुई जना सूचकको तलव भत्ता निकाली कार्यालय प्रमुखलाई दिएको हो । कार्यालय प्रमुखले गोप्य सूचकहरुलाई तलव भत्ता राशन आदि खर्च लेखिएको भरपाईमा सहिछाप गराई मलाई दिएकोले ती भरपाई श्रेस्तामा राखेको हो । आरोप–दावीबाट सफाई पाऊँ भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ भने निज प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमक्ष म मिति २०६० भदौदेखि २०६४ साल भाद्रसम्म र २०६४ मंसिरदेखि हालसम्म राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा कार्यरत छु । म लेखाफाँटको काम हेर्दै आएको छु । उदयपुर जिल्लाबाट स. सू. २६०२ र स. सू. १११ २८१३ विभागीय नम्बर रहेका कर्मचारीको तलब, भत्ता, राशन शीर्षकमा खर्च लेखिएको सन्दर्भमा २०७१ साल आषाढ महिनामा तत्कालीन कार्यालय प्रमुख पुष्पराज मिश्रले विभागीय नम्बर दिई निजहरु सरुवा भएका छन् खर्च लेख्नु भनी लेखिएको हो। २०७१ साल श्रावणसम्म सरुवा पत्र नआएकोले सो महिनामा खर्च लेखिएन । २०७१ भाद्रको खर्च लेख्ने समयमा कार्यालय प्रमुखले मलाई निज दुई जनाको सरुवा पत्र दिएपछि २०७१ भाद्रदेखि ऐ. कार्तिकसम्म खर्च लेखिएको हो । कार्तिक अन्तिममा विभागबाट कर्मचारीहरुको आर्थिक विवरण (तलबी प्रतिवेदन) प्राप्त हुँदा उल्लिखित दुई जना कर्मचारीहरुको नाम नआए पश्चात्

खर्च नलेखिएको हो । यसै समयमा निजहरुको सरुवा भयो भनी कार्यालय प्रमुखले रमाना पत्र दिए पश्चात २०७१ मंसिरदेखि खर्च नलेखिएको हो । उल्लिखित दुई जना कर्मचारीहरुको तलब भत्ता तथा रासन खर्च कार्यालय प्रमुख पुष्पराज मिश्रले नै लगी मलाई भरपाई दिनुहुन्थ्यो । ती कर्मचारीहरुलाई मैले कहिल्यै उदयपुर राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयमा देखिन । मैले निजहरुको सरुवा पत्र र कार्यालय प्रमुखको मौखिक आदेशका आधारमा खर्च लेखेको हो । अहिले आफू तल्लो तहको कर्मचारी भएकोले कार्यालय प्रमुखको आदेश मान्दा समस्यामा परेको महसुस गरेको छु भनी बयान गरेको देखिन्छ।

६०.निज प्रतिवादीका साक्षी राजकुमार कार्कीले यस अदालतसमक्ष हाकिमको तजविजले मन परेको व्यक्तिलाई लेखामा राख्ने गरेको, कार्यालयमा लेखाको दायित्व हाकिमसँगै निर्भर रहन्छ । भुक्तानी सम्बन्धमा पूर्ण रुपमा हाकिमको नियन्त्रण र जिम्मा रहने गरेको छ । प्रतिवादीको आचरण एवम् व्यवहार राम्रो छ भनी बकपत्र गरेको देखिन्छ ।

६१.वस्तुतः मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी प्रकाशकुमार राईलाई राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा लेखाको कामगर्ने जिम्मासमेत दिएकोमा विवाद देखिँदैन । अभियोजन पक्षले राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, उदयपुरमा दरबन्दी नै नभएका १११२६०२ र १११२८१३ विभागीय नम्बरका कर्मचारीलाई तलव भत्ता, राशन, दशैं खर्च बापत विगो रु.१,८७,०७१।५० भुक्तानी गरेको भनी तालिका नं. १२ र १३ को सन्दर्भमा यी प्रतिवादीउपरसमेत दावी लिएको देखिन्छ ।

६२.**फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार आपराधिक कार्य** (**Actus Reus**) **र आपराधिक मनसाय** ( **Mens Rea** ) **को संयोजन बेगर आपराधिक दायित्वको सिर्जना हुन सक्दैन।** यस सैद्धान्तिक कोणबाट यस मुद्दाको तथ्यावलोकन गर्दा, निज प्रतिवादी प्रकाशकुमार राईले यस अदालतसमक्ष स्पष्ट रुपमा कार्यालय प्रमुखले लाए अह्राएकाले मैले दुई जना सूचकको तलव भत्ता निकाली कार्यालय प्रमुखलाई दिएको हो । कार्यालय प्रमुखले गोप्य सूचकहरुलाई तलव भत्ता राशन आदि खर्च लेखिएको भरपाईमा सहिछाप गराई मलाई दिएकोले ती भरपाई श्रेस्तामा राखेको हो भनी बयान गरेको देखिन्छ।तदनुरुप सह प्रतिवादी पुष्पराज मिश्रले यस अदालतसमक्ष उदयपुरको हकमा रकम मैले बुझेर सूत्रहरुलाई पारिश्रमिक बापत रकम उपलब्ध गराई निजबाट भरपाई लिई सो भरपाई अद्यावधिक गर्न लेखापाललाई दिने गरेको भनी बयान गरेको देखिन्छ तर सम्बन्धित विभागको

पत्रबाट तीकर्मचारीहरुको दरबन्दी नभई फर्जी देखिएको स्थितिमा यी प्रतिवादी प्रकाशकुमार राईमा सरकारी सम्पत्ति हिनामिना वा हानि-नोक्सानी गर्ने एवम् लिने खाने बदनियत वा आपराधिक मनसाय रहे भएको मान्न मिल्ने देखिएन ।

६३.**यी प्रतिवादी कार्यरत रहेको संवेदनशील निकायमा 'Chain of command' लागू हुने हुँदा आफूभन्दा माथिका प्रमुख अनुसन्धान अधिकृत पुष्पराज मिश्रको आदेश र निर्देशनबमोजिम आफ्नो पदीय दायित्व निर्वहन स्वरुप यी प्रतिवादीले रकम निकाली कार्यालय प्रमुखको रुपमा रहेका प्रतिवादी पुष्पराज मिश्रलाई दिएको र निजबाट प्राप्त भरपाई श्रेस्तामा सम्म राखेको क्रियालाई कसुर मानी निज प्रतिवादीलाई सजाय गर्न दोषी मनोभावना बेगर कुनै पनि कार्य अपराध नहुने** ( ***Actus non facit reum nisi mens sit rea.***) **फौजदारी कानूनको सामान्य सिद्धान्तले अनुमति प्रदान गर्दैन** । यी प्रतिवादीको आरोपित कसुर गर्नमा स्पष्ट सहमति, सहभागीता र संलग्नता रहे भएको अवस्था प्रमाणित नभईकन निज प्रतिवादीलाई अन्दाज, अनुमान र अड्कलको आधारमा कसुरदार मानी सजाय गर्नु भनेको फौजदारी न्यायको मूलमन्त्र र मान्यतामाथि प्रहार गर्नु सरह हुन जान्छ । यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट "**... भ्रष्टाचार जस्तो फौजदारी अपराधमा केवल शंका र अनुमानको भरमा कसुरदार ठहराउन नमिल्ने** "[10] भनी कानूनी सिद्धान्तसमेत प्रतिपादन भईरहेको पाइन्छ ।

६४.**वस्तुतः कुनै पनि अभियुक्तको कसूर प्रमाणित गर्ने भार अभियोजन पक्षमा हुने** ( **offence must be proved by the prosecutor** ) **सिद्धान्तलाई प्रमाण ऐन, २०३१ ले आत्मसात् गरी कानूनी व्यवस्थासमेत समाहित गरेको पाइन्छ।** [11] तर अभियोजन पक्षले यी प्रतिवादीले यो यस्तो कानूनविपरीतको कार्य गरी बदनियत वा दोषी मनोभावना सहित विगो रु.१,८७,०७१।५० बराबरको सरकारी सम्पत्ति हिनामिना वा हानि–नोक्सानी गरी लिई खाई आरोपित कसुर गरेको भनी वस्तुनिष्ठ एवम् विश्वसनीय प्रमाण प्रस्तुत गर्न नसकेको अवस्थामा अन्दाज, अनुमान र अड्कलको आधारमा यी प्रतिवादीले आरोप–दावीअनुरुप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुर गरेको ठहराउन फौजदारी न्यायको "**शंकाको सुविधा अभियुक्तले पाउने**" ( **Benefit of doubt goes to the accused** ) भन्ने सिद्धान्तले अनुमति प्रदान नगर्ने हुँदा निज प्रतिवादी प्रकाशकुमार राईले आरोप–दावीबाट सफाई पाउने देखियो ।

---

[10]नेपाल कानून पत्रिका २०५३ नि.नं. ६२८६ पृ. ७८४.

[11]प्रमाण ऐन, २०३१ दफा २५.

६५.अन्तमा चौथो प्रश्नतर्फ विचार गर्दा, फौजदारी न्याय प्रणालीअन्तर्गत अदालती कारवाहीका दुई महत्त्वपूर्ण पक्षहरु छन् -पहिलो अभियोग ठहर गर्नु र दोश्रो सजाय निधारण गर्नु । जसले जति मात्राको कसुर गरेको छ सोहीअनुरुप सजाय दिनु नै दण्डको सार र सिद्धान्त हो । अतः माथि विवेचना गरेअनुरुप आरोप-दावीबाट सफाई पाउने प्रतिवादी प्रकाशकुमार राई बाहेक अन्य प्रतिवादीद्वय पुष्पराज मिश्र र धनराज अधिकारीले आरोप-दावीअनुरुप भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा सोही ऐनको दफा १७,३(१) तथा ३(१) (ङ) बमोजिम कसूर र विगोको मात्राको आधारमा प्रतिवादी पुष्पराज मिश्रलाई २ वर्ष कैद र विगोअनुरुप रु.९,३७,९०१।५० जरिवाना र प्रतिवादी धनराज अधिकारीलाई १ वर्ष ६ महिना कैद र विगोअनुरुप रु.७,५०,८३०।– जरिवाना गर्दा न्यायको मकसद पूरा हुने देखियो । यसको साथै आरोप-दावीबमोजिम दामासाहीसमेतको आधारमा प्रतिवादी पुष्पराज मिश्रबाट विगो रु.५,६२,४८६।५० र प्रतिवादी धनराज अधिकारीबाट विगो रु.३,७५,४१५।- असुल उपर गरी लिन पाउने समेत देखियो ।

६६.अतः माथि विवेचित आधार एवम् कारणको परिप्रेक्ष्यमा वादी नेपाल सरकारले प्रतिवादी पुष्पराज मिश्रको हकमा विगो रु.२४,०८,६५३।५६ (चौविस लाख आठ हजार छ सय त्रिपन्न रुपैयाँ र छपन्न पैसा) प्रतिवादी धनराज अधिकारीको हकमा विगो रु.२२,२१,५८२।०६ (बाइस लाख एक्काइस हजार पाँच सय बयासी रुपैयाँ र छ पैसा) र प्रतिवादी प्रकाश कुमार राईको हकमा विगो रु.१,८७,०७१।५० (एक लाख सतासी हजार एकहत्तर रुपैयाँ र पचास पैसा) कायम गरी आरोप-पत्र दायर गरेकोमा प्रतिवादीमध्ये पुष्पराज मिश्रले रु.९,३७,९०१।५० (नौ लाख सैंतीस हजार नौसय एक रुपैयाँ र पचास पैसा) सम्मको सरकारी सम्पत्ति बदनियतसाथ हिनामिना एवं हानि-नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १७, दफा ३(१) तथा दफा ३(१) (ङ) बमोजिम २ (दुई) वर्ष कैद र विगोअनुरुप रु.९,३७,९०१।५० (नौ लाख सैंतिस हजार नौसय एक रुपैयाँ र पचास पैसा) जरिवाना हुने, प्रतिवादी धनराज अधिकारीले रु.७,५०,८३०।- (सात लाख पचास हजार आठ सय तीस रुपैयाँ) सम्मको सरकारी सम्पत्ति बदनियतसाथ हिनामिना एवम् हानीनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोही ऐनको दफा १७, दफा ३(१) तथा दफा ३(१) (ङ) बमोजिम १ (एक) वर्ष ६(छ) महिना कैद र विगोअनुरुप रु.७,५०,८३०।- (सात लाख पचास हजार आठ सय तीस रुपैयाँ) जरिवाना हुने, आरोप-माग दावीबमोजिम दामसाहीसमेतको आधारमा प्रतिवादी पुष्पराज मिश्रबाट विगो रु.५,६२,४८६।५० (पाँच लाख बैसठ्ठी हजार चार सय छयासी रुपैयाँ र पचास पैसा) र प्रतिवादी धनराज अधिकारीबाट विगो

रु.३,७५,४१५।- (तीन लाख पचहत्तर हजार चार सय पन्ध्र रुपैयाँ) असुल उपर गरी लिन पाउने र प्रतिवादी प्रकाश कुमार राईले आरोपित कसुर गरेको पुष्टि नभएको हुँदा निज प्रतिवादीले आरोप-दावीबाट सफाई पाउने ठहर्छ। अन्य माग दावी पुग्न सक्दैन।अरु कुराका हकमा तपसिल-खण्ड बमोजिम गर्नुहोला ।

**तपसिल-खण्ड**

माथि ठहरखण्डमा लेखिएबमोजिम प्रतिवादी पुष्पराज मिश्र र धनराज अधिकारीलाई देहायअनुरुप कैद तथा जरिवाना एवम् निजहरुबाट देहायअनुरुप विगो असुल उपर गर्नुपर्ने भएकोले जरिवानाका हकमा प्रतिवादी पुष्पराज मिश्रले यस अदालतको मिति २०७३।७।२४ को आदेशानुसार सोही मितिमा र.नं. १६३ बाट रु.३,००,०००।– धरौटी राखेको देखिंदा उक्त धरौटी रकम निजलाई ठहरेको जरिवानाको रकममा कट्टा गरी सदरस्याहा गर्न यस अदालतको लेखा शाखामा लेखी पठाउनु र निजको बाँकी जरिवाना तथा कैद एवं विगो र प्रतिवादी धनराज अधिकारीको जरिवाना तथा कैद एवं विगो देहायमा उल्लेख भएबमोजिम असुल उपर गर्न निजहरुको वतन रहेको शुरु जिल्ला अदालतमा लेखी पठाउनू ....................................................................१

| सि.नं. | प्रतिवादीको नाम | असुल गर्नुपर्ने कैद | असुल गर्नुपर्ने जरिवाना | असुल गर्नुपर्ने विगो |
|---|---|---|---|---|
| १. | पुष्पराज मिश्र | २ (दुई) वर्ष | रु.६,३७,९०१।५० | रु.५,६२,४८६।५० |
| २. | धनराज अधिकारी | १ (एक) वर्ष ६(छ) महिना | रु.७,५०,८३०।- | रु.३,७५,४१५।- |

प्रतिवादी प्रकाशकुमार राईले माथि ठहरखण्डमा लेखिए बमोजिम आरोपदाबीबाट सफाइ पाउने ठहरेकाले निजले यस अदालतको आदेशानुसार मिति २०७३।०८।।०५ मा र.नं. १६९बाट राखेको धरौटी रु.१२,०००।– प्रस्तुत मुद्दाको अन्तिम किनारा लागेपछि निज प्रतिवादीले फिर्ता पाऊँ भनी दरखास्त दिए निजलाई नियमानुसार फिर्ता दिनु.............................................२

यस फैसलामा चित्त नबुझे विशेष अदालत ऐन,२०५९को दफा १७ बमोजिमको म्याद ३५ (पैंतीस ) दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानुहोला भनी फैसलाको प्रमाणित प्रतिलिपिसहित विशेष सरकारी वकील कार्यालयलाई एवं सोही बमोजिमको पुनरावेदनको म्याद प्रतिवादी पुष्पराज मिश्र लाई दिनु र प्रतिवादी धनराज अधिकारीले शुरु म्यादै गुजारी बसेकाले निजलाई पुनरावेदनको म्याद दिनुपरेन.......................................................................................................३

प्रस्तुत मुद्दाको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु..........................................४

**सदस्य** **सदस्य** **सदस्य**

फैसला लेखनमा सहयोग गर्ने:
इजलास अधिकृत : केशव पराजुली
टा.ना.सु. विश्वराज पोखरेल

**इतिसम्वत् २०७५ साल असोज १गते रोज २ शुभम् ..............................................।**